# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक २२६ | काठमाडौं | शनिबार, ३० मंसिर २०८० | Prabhab National Daily | Saturday, December 16, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


प्रस्तावित न्यायाधीशलाई सांसदको प्रश्न

## न्याय किन महँगो भयो ?



■ कालिका खड्का

**काठमाडौं–** 'न्यायमा सर्वसाधारणको पहुँच कहिले पुग्छ ?,' सर्वोच्च अदालतका लागि प्रस्तावित न्यायाधीशहरू सारंगा सुवेदी र अब्दुल अजिज मुसलमानलाई संसदीय सुनुवाइका क्रममा सांसद ज्ञानेन्द्रबहादुर कार्कीले प्रश्न गरे, 'न्याय महँगो भयो, सर्वसाधारणले कहिले न्यायको अनुभूति गर्न पाउँछन् ?'

सांसद कार्कीकोजस्तै सांसद महेश बर्तौलाको प्रश्न थियो, 'न्यायालयप्रति जनआस्था डगमगाएको छ, न्यायालयको ढोकादेखि इजलाससम्म न्याय किनबेच हुन्छ भन्ने आरोप छ नि ? यसलाई नियन्त्रण गर्ने योजना के छ ? सांसदहरू ईश्वरी घर्तीको प्रश्न उस्तै थियो, 'सर्वसाधरणले न्यायको अनुभूति कहिले गर्ने हो ?' सांसद पदम गिरीको प्रश्न पनि 'न्याय महँगो भयो भन्ने आमगुनासो छ नि' भन्ने नै थियो ।

प्रस्तावित दुई न्यायाधीशको शुक्रबार भएको संसदीय सुनुवाइमा अधिकांश सांसदले सार्वसाधरणको पहुँचमा न्याय हुन नसकेको, मुद्दा फर्स्योटको समयावधि लामो हुने गरेको, न्याय प्राप्तिमा ढिलाइ हुँदा पीडित अझ धेरै पीडामा पर्ने गरेको र अदालतले मुलुकको विकास निर्माणमा रोक्दा मुलुकलाई ठूलो क्षति पुर्‍याउने गरेको विषयमा प्रश्न राखेका थिए ।

सर्वोच्च अदालतका न्यायाधीश सुवेदीले छिटो न्याय दिनका लागि न्यायालयले योजना नै बनाएर काम गरिरहेको र पछिल्लो समयमा मुद्दाको तीव्ररूपमा सुनुवाइ भइरहेको बताए । 'मुद्दामा कानुन, प्रमाण हेर्नुपर्ने हुन्छ,' उनले भने, 'छिटो न्याय दिने भनेर मुद्दाको प्रक्रिया पूरा नगरी निर्णय गर्न मिल्दैन ।' न्यायाधीश सुवेदीले मुद्दाको सुनुवाइ गर्दा न्यायिक मनको प्रयोग नगरी कानुन, तथ्य र प्रमाणका आधारमा आदेश वा फैसला गर्नुपर्ने जानकारी दिए । 'मुद्दामा न्यायिक मन प्रयोग गर्न पाइँदैन कानुन र प्रमाण हेर्नु नै पर्ने हुन्छ, प्रमाण बुझ्नका लागि समय लाग्छ, छिटो न्याय दिन्छु भनेर प्रक्रिया पूरा नगरी हुँदैन,' उनले भने ।

आफूले २१ वर्ष वकालत गरेको र १४ वर्ष अदालतमा न्यायाधीशका रूपमा काम गरेको अनुभवलाई सर्वोच्च अदालतमा काम गर्ने स्पष्ट पारे ।

प्रस्तावित न्यायाधीश मुसलमानले पेसीमा तोकिएको मुद्दा इमान्दारीपूर्वक पूरा समय काम गरेमा छिट्टै मुद्दाको फर्स्योट हुने सुनाए । 'छिटो न्याय दिनका लागि इमान्दारीपूर्वक पेसीमा तोकिएको मुद्दाको सुनुवाइ गर्नुपर्छ, समयावधिभरि मुद्दा हेरेर दैनिक पेसी सूचीका मुद्दा सक्नुपर्छ, काम गर्नुपर्छ ।'

सांसदहरू रमेश लेखक, जनार्दन शर्मा, जीवन परियार, ईश्वरी न्यौपाने, डोलप्रसाद अर्याल, रमेशजंग रायमाझी, प्रकाश अधिकारी र देवेन्द्र दाहालले सार्वजनिक सरोकारका मुद्दा अदालतमा रिट निवेदनका रूपमा आउने र विकास निर्माणका काम रोकिने गरेको विषयमा प्रश्न राखेका थिए । प्रस्तावित न्यायाधीशद्वयले अदालतमा मुद्दा लिएर आएपछि पीडितपक्षको कुरा सुन्नुपर्ने भएकाले केही प्रभाव परेको भए पनि कानुन र प्रमाणका आधारमा न्याय निरूपण गर्ने गरेको जवाफ दिएका थिए ।

(क्रमशः पृष्ठ २ मा)

# कांग्रेसमा सुनिन छाड्यो दुई महामन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माको माग र प्रस्तावमाथि पछिल्लो समय कांग्रेसले 'कु' गर्दै आएको छ । दुई महामन्त्रीले पार्टीलाई चलायमान बनाउन दुई-दुई महिनामा केन्द्रीय समिति राख्नुपर्ने प्रस्ताव गत साउनमै गरेका थिए । साउनपछि असोज पहिलो हप्ता केन्द्रीय समिति बैठक बस्यो । तर त्यसपछि केन्द्रीय समिति फेरि सुस्त हुन थालेको छ । कांग्रेसले अधिकांश निर्णय विधानमै नभएको पदाधिकारी तथा पूर्वपदाधिकारीको बैठकबाट गर्दै आएको छ ।

यस्ता बैठकमा दुई महामन्त्रीको पनि सहभागिता रहँदै आएको छ । पदाधिकारी तहबाट बैठकबाट गरेका निर्णयलाई कार्यान्वयनमा ल्याउन कांग्रेसले कार्यसम्पादन समितिको व्यवस्था गरेको छ । शुक्रबार कांग्रेसले यही कार्यसम्पादनको बैठक डाकेर विभिन्न निर्णय गरेको छ । यो बैठकबाट अबको केन्द्रीय समिति पुस १२ गते गर्ने निर्णय भएको प्रचार विभागका प्रमुख मीन विश्वकर्माले जानकारी दिए । 'केन्द्रीय समितिको बैठक पुस १२ गते बस्ने भएको छ,' कार्यसम्पादन समितिको निर्णय सुनाउँदै विश्वकर्माले भने । पछिल्लोपटक कांग्रेसको केन्द्रीय समिति असोज ५ गते बसेको थियो । उक्त बैठकले केन्द्रीय समिति दुई/दुई महिनाको पहिलो हप्ता बस्ने दुई महामन्त्रीको प्रस्तावमा सहमति जनाएको थियो । तर यसपटक तीन महिनापछि त्यो पनि तेस्रो हप्ताका लागि धकेलिएको छ केन्द्रीय समिति ।



बिहीबार राजनीतिक र सांगठनिक प्रस्तावलाई अन्तिम रूप दिन एलिस रिसेप्सनमा भेटेका दुई महामन्त्री ।

- बिहीबारमात्र दुई महामन्त्री काठमाडौंको एलिस रिसेप्सनमा बसेर दुई प्रस्तावलाई अन्तिम रूप दिएका थिए पुस १६ गते महासमिति बैठक हुनैपर्छ भन्दै
- देशको आर्थिक स्थिति कमजोर भएको भन्दै महामन्त्री थापाको प्रस्तावमा हुन लागेको 'इकोनोमिक कन्क्लेभ'को अहिले पार्टीमा नामोनिशान छैन
- देउवा १३औं महाधिवेशनपछिकै अवस्थामा फर्कंदा पार्टी रूपान्तरणको नारा घन्काउने दुई महामन्त्री अहिले निरीह देखिन थालेका छन्

### महासमिति बैठक पनि सरेको सऱ्यै

कांग्रेस महामन्त्री थापा र शर्मा यसअघि नै जुटेर पटक-पटक सरेको महासमिति बैठक सार्न नहुने निष्कर्षमा पुगेका थिए । उनीहरूमात्र हैन संस्थापनइतरको पूरै जोड थियो- महासमितिको बैठक सार्न हुन्न । तर पार्टी सभापति शेरबहादुर देउवाले पुस १६ का लागि तय भएको महासमिति बैठक फागुन ७ गतेसम्म धकेलिदिएका छन् । 'नेपाली कांग्रेस महासमितिको बैठकको मिति परिमार्जन गरी २०८० फागुन ७-१० गते, ललितपुरमा गर्ने,' कांग्रेसको शुक्रबारको निर्णयमा भनिएको छ । जबकि बिहीबारमात्र दुई महामन्त्री काठमाडौंको एलिस रिसेप्सनमा बसेर दुई प्रस्तावलाई अन्तिम रूप दिएका थिए । पुस १६ गते तय भएको महासमितिका लागि दुई महामन्त्रीलाई राजनीतिक र सांगठनिक प्रस्ताव तयार पार्ने जिम्मेवारी दिइएको थियो ।

असोज पहिलो साता बसेको केन्द्रीय समिति बैठकले महासमिति बैठक मंसिर १३, १४ र १५ गते गर्ने निर्णय गरेकामा त्यसपछि विभिन्न कारण देखाएर दुईपटक सारिएको थियो । सुरुमा जाजरकोट भूकम्पलाई देखाउँदै सारिएको बैठक अहिले राष्ट्रिय सभा निर्वाचनलाई कारण देखाएको छ । माघ ११ गते राष्ट्रिय सभा निर्वाचन हुँदै छ । १९ रिक्त स्थानमा हुन लागेको निर्वाचनमा कांग्रेसले सत्ता गठबन्धनसँग तालमेल गर्दै छ ।

### समुदायमा कांग्रेस बल्ल

कांग्रेसले साउन पहिलो हप्ता बसेको बैठकले समुदायमा कांग्रेस अभियान सञ्चालन गर्नका लागि भदौ महिना तोकेको थियो ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

## कटारीमा एक वर्षमै भित्रियो ५२ करोड रेमिट्यान्स

**कटारी (उदयपुर)–** कटारी नगरपालिकामा वैदेशिक रोजगारीमा गएकाहरूबाट एक वर्षमा ५२ करोड १३ लाख रूपैयाँ विप्रेषण (रेमिटयान्स) भित्रिएको छ । गत आर्थिक वर्ष २०७९/८० मा नगरपालिकाबाट एक हजार ९६७ जना वैदेशिक रोजगारीमा गएको तथ्यांक छ । त्यसैगरी उक्त आर्थिक वर्षमा ४६४ जना वैदेशिक रोजगारीबाट फर्किएका छन् ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अनिल किरातीका अनुसार कुल विप्रेषणमध्ये सबैभन्दा बढी अनुत्पादक क्षेत्रमा खर्च भएको छ । 'कूल भित्रिएको विप्रेषणमध्ये १४ प्रतिशतमात्रै बचत देखियो, १.७ प्रतिशत ऋण लगानी भएको छ,' उनले भने, 'शून्य दशमलव पाँच प्रतिशत व्यवसाय र ८४ प्रतिशत अनुत्पादक क्षेत्र अर्थात् मोबाइल तथा टिभीलगायतमा खर्च भएको देखियो ।'




वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दै गएको नगरपालिकामा वैदेशिक रोजगारीबाट फर्किएकाका लागि पुनःएकीकरण (रेमी) परियोजनासमेत सुरु भएको छ । नेपाल सरकारको श्रम तथा रोजगार सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हुँदै यो परियोजना कोशी प्रदेशको १० वटा स्थानीय तहमा सुरु भएको छ ।

स्वीजरल्याण्ड सरकारको सहयोगमा 'हेल्भेटास नेपाल'मार्फत सुरु भएको यो परियोजना उदयपुरको आठ स्थानीय तहमध्ये कटारी नगरपालिकामा सुरु भएको हो । नगरपालिकाका प्रमुख राजेशचन्द्र श्रेष्ठले विदेशबाट फर्किएकालाई आर्थिक, सामाजिक, राजनीतिक समस्या समाधानका लागि रेमी परियोजनाले काम गर्ने बताए ।

'परियोजनाको सुरुआती चरण सुरु भएको छ,' नगरप्रमुख श्रेष्ठले भने, 'वडा नं ५ र ७ मा धेरैजना विदेश जाने गरेको पाइएकाले त्यहाँबाट परियोजना सुरुआत गरेका छौं ।' परियोजना संयोजक जयन्ती तामाङले विदेशबाट फर्किएकाहरू मनोसामाजिक, आर्थिक, सामाजिक र राजनीतिकरूपमा कसरी समाजमा एकीकरण गर्न सकिन्छ भन्ने क्षेत्रमा काम सुरु भएको बताइन् । नगरपालिकाभित्र विप्रेषण भित्रिएको देखिए पनि यसको सही सदुपयोग नहुँदा समाजमा एकीकरण भई फर्किएकाहरू बस्न नसक्ने अवस्थाको अन्त्यका लागि परियोजनाले काम सुरुआत गरेको हो । *रासस*

## 'भिजिट भिसा'मा विदेश पठाउने पक्राउ

**काठमाडौं (प्रस)–** सेटिङ गरेर 'भिजिट भिसा'मा विदेश पठाउने कार्यमा संलग्न थप दुई जना पक्राउ परेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकृत तथा प्रहरी उपरीक्षक मिलन केसीका अनुसार भिजिट भिसामा ३०० जना विदेश पठाउने कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरिएको हो ।

पक्राउ पर्नेमा निमाछिरिङ ट्राभल्सका सञ्चालक मनोज तामाङ (लामा) र पदम लामा रहेका छन् । काभ्रेपलाञ्चोक पाँचखाल नगरपालिका-३ घर भएका मनोज हाल बौद्धमा बस्दै आएका थिए । यस्तै रामेछाप दोरम्भा गाउँपालिका-७ घर भएका पदम गोकर्णेश्वरमा बस्दै आएका छन् ।

सूचना अधिकृत केसीका अनुसार मनोज र पदम नजिकको नातेदार भएको र निजहरूले नक्कली कागजातका आधारमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत कर्मचारीलाई सेटिङ मिलाई प्रतिव्यक्ति ४० हजारदेखि ५५ हजार रूपैयाँसम्म लिई युवायुवतीलाई विदेश पठाउने गरेका थिए ।

यही मंसिर २७ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका अधिकृत नरवीर खड्कालाई उक्त कार्यको अनुसन्धान गर्न प्रहरीले नियन्त्रणमा लिएको थियो । निज अधिकृत खड्कामार्फत पक्राउ परेका मनोज र निजको सालो पदमले ३०० जनालाई सेटिङ मिलाएर पठाएको अनुसन्धानबाट खुलेको उपरीक्षक केसीले बताए । उनले भने, 'पक्राउ परेकालाई लिखितसम्बन्धी कसुरसमेतका अपराधमा आवश्यक कारबाहीका लागि प्रहरी परिसर टेकु पठाइएको छ ।'




# परराष्ट्रसचिव लम्सालले सम्हालिन कार्यभार



**काठमाडौं (प्रस)–** नवनियुक्त परराष्ट्रसचिव सेवा लम्सालले आफ्नो कार्यभार सम्हालेकी छन् । सो क्रममा उनले देशको राष्ट्रिय हितलाई केन्द्रमा राखेर सन्तुलित परराष्ट्र नीति कार्यान्वयनमा निष्ठापूर्वक लाग्ने प्रतिबद्धता व्यक्त गरिन् । परराष्ट्र मन्त्रालयमा शुक्रबार पद बहाली गरेपछि उनले उक्त प्रतिबद्धता जनाएकी हुन् ।

उनले सरकारले सुम्पेको जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्ने दृढता व्यक्त गरिन् ।'मन्त्रालयका सबै सहकर्मीको साथ र सहयोगमा सरकारले सुम्पेको जिम्मेवारी पूरा गर्न कर्तव्यनिष्ठ भएर लाग्ने छु,' सचिव लम्सालले भनिन् । देशको परराष्ट्र नीतिअनुरूप द्विपक्षीय एवं बहुपक्षीय सम्बन्धलाई प्राथमिकता दिँदै छिमेकी राष्ट्रहरूसँगको सम्बन्धलाई विशेष प्राथमिकतामा राख्ने उनले बताइन् ।

फरक प्रसंगमा परराष्ट्र सचिवले आतंकवादी समूह हमासको नियन्त्रणमा रहेका भनिएका विपिन जोशीको सकुशल रिहाइका निम्ति कूटनीतिक प्रयासलाई दोब्बर बनाउने बताइन् ।

यसैगरी नेपालसँग श्रम सम्झौता नभएका देशमा गैरकानुनी बाटोबाट वैदेशिक रोजगारीमा नजान सम्बद्ध सबैलाई आग्रह गर्दै उनले सरकारले रोजगारीमा विदेश जान चाहनेलाई 'रोजगार अनुमतिपत्र' प्रदान गर्ने बताइन् । रुसी सेनामा नेपाली युवा भर्ती भएका समाचार सार्वजनिक भएका सन्दर्भ कोटयाउँदै उनले अनुमतिपत्र प्रदान गरिने बताएकी हुन् । ज्यानलाई जोखिममा पारेर अनौपचारिक माध्यमबाट वैदेशिक रोजगारीमा नजान उनले सुझाव दिइन् ।

मन्त्रिपरिषद्को बिहीबारको बैठकले मन्त्रालयका वरिष्ठ सहसचिव लम्साललाई उक्त पदमा बढुवा गर्ने निर्णय गरेको हो । यससँगै उनी पहिलो महिला परराष्ट्रसचिव बनेकी छन् । पाकिस्तानका निम्ति नेपाली राजदूत भएर काम गरिसकेकी उनले त्यसअघि न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोगमा उपप्रमुखका रूपमा सेवा गरेकी थिइन् ।

# विपद्को जोखिममा बालबालिका

काठमाडौं- जलवायु परिवर्तनसँग सम्बन्धित विपद्को असरबाट सबैभन्दा बढी बालबालिका जोखिममा पर्ने गरेका छन् । महामारी, हिमपात, शीतलहर, बाढी तथा पहिरो, हावाहुरी, आगलागीलगायत प्राकृतिक विपद्बाट आर्थिक वर्ष २०७९/८० मा मुलुकभर पीडित बालबालिकाको संख्या तीन हजार २४४ पुगेको छ । जसमा सबैभन्दा बढी दुई हजार २३१ बालबालिका महामारीका कारण पीडित भएका थिए ।

प्रहरी प्रधान कार्यालयले उपलब्ध गराएको तथ्यांकअनुसार आव २०७९/८० मा विपद्का कारण पीडित बालबालिकामध्ये ७९ बालक र ६८८ बालिका गरी जम्मा कूल ७६७ बालबालिकाको मृत्यु भएको थियो ।

त्यस्तै १६७ बालक र दुई हजार १७६ बालिका गरी जम्मा दुई हजार ३४३ बालबालिका घाइते भएका थिए भने चार बालक र १३० बालिका गरी जम्मा १३४ बालबालिका बेपत्ता भएका थिए । कूल पीडित बालबालिकामध्ये ९२.२९ प्रतिशत बालिका रहेका छन् ।

नेपालमा जोखिम न्यूनीकरणका लागि तीनै तहबाट विभिन्न कार्यक्रम सञ्चालनमा रहे पनि बढ्दो जलवायु परिवर्तनको असरले प्राकृतिक विपद्को असर बढ्दोरूपमा रहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिले सन् २०२३ अगष्ट २२ मा जलवायु परिवर्तनले पारेको असरबाट बालअधिकार संरक्षण तथा प्रवर्द्धनका लागि राज्यले गर्नुपर्ने विषयमा सामान्य टिप्पणी-२६ (जनरल कमेन्ट-२६) जारी गरेको छ । जसमा जलवायु परिवर्तनबाट हुने प्रतिकूल असर न्यूनीकरण गर्नुपर्ने, बालबालिकालाई यससम्बन्धी असरसँग अनुकूलन बनाउने, बालअधिकारमा परेको क्षतिका लागि प्राविधिक तथा आर्थिक सहयोग गर्नेलगायत विषय रहेको छ । *रासस*

पृष्ठ १ बाट क्रमशः

## कांग्रेसमा सुनिन...

भदौ १० देखि २४ गतेसम्मका लागि तोकेको यो अभियान कांग्रेसले वर्षाको कारण देखाउँदै स्थगित गऱ्यो । उक्त अभियानलाई बल्ल पुसबाट सञ्चालन गर्ने निर्णय कांग्रेसले गरेको छ । 'पुस १६ गतेदेखि माघ १६ गतेसम्म वडा तहसम्म पार्टी प्रतिनिधि परिचालन गरी 'समुदायमा कांग्रेस' अभियान सञ्चालन गर्ने,' कांग्रेसको निर्णयमा भनिएको छ, 'उक्त अभियानका लागि केन्द्रीय कार्यसमितिको तर्फबाट ७७ वटै जिल्लामा प्रतिनिधि खटाउने ।'

### कता पुग्यो 'इकोनोमिक कन्क्लेभ'

देशको आर्थिक स्थिति कमजोर भएको भन्दै महामन्त्री थापाको प्रस्तावमा हुन लागेको 'इकोनोमिक कन्क्लेभ'को अहिले पार्टीमा नामोनिशान सुनिएको छैन । पार्टीको कुनै निर्णयमा नलेखिए पनि कात्तिक २४ गते उक्त बैठक हुने तय भएको थियो । कांग्रेस संस्थापक नेता सुवर्ण शमसेर राणाको स्मृति दिवस पारेर दुई दिन कन्क्लेभ गर्ने भनिएको थियो ।

कांग्रेसका पहिलो अर्थमन्त्रीसमेत रहेका सुवर्णको स्मृतिलाई कांग्रेसले अर्थनीतिसँग जोडेर कार्यक्रम गर्न लागेको जनाएको थियो । 'इकोनोमिक कन्क्लेभ' मा अर्थविद्ले आर्थिक नीतिका बारेमा विभिन्न आयामबारे कार्यपत्र प्रस्तुत गर्ने कांग्रेसले जनाएको थियो । 'हामी कहाँ चुक्यौं, समीक्षा गर्छौं । अगाडिको बाटो खोज्छौं । अहिलेको समसामयिक विषयमा पनि छलफल गर्छौं,' त्यतिबेला थापाले भनेका थिए । जाजरकोट भूकम्प देखाउँदै पार्टीका सम्पूर्ण कार्यक्रम रद्द भएसँगै यो कार्यक्रम पनि अनिश्चित बनेको छ ।

### पार्टी रूपान्तरणको अपेक्षा गरिएका महामन्त्री शशांककै लयमा

तितरबितर भएको संस्थापनइतरलाई सम्हाल्न नसकेपछि पौडेलले १४औं महाधिवेशनअघि नै 'वाकओभर' दिए । महाधिवेशन लगभग शेरबहादुर देउवाको कब्जामै गयो पौडेलले भनेझैं । पौडेलको वाकओभरपछि देउवाले कन्फिडेन्स बढाए । र भने, 'डर त्रासबाट मुक्त समाज, फेरि कुनै किसिमको तानाशाही सरकार नआओस् भन्नका लागि यो महाधिवेशनले निर्णय गर्नुपर्छ । निर्णय गरेको खण्डमा आउँदो सरकार कांग्रेसको हुन्छ, गाउँदेखि माथिसम्म। त्यो मेरो जिम्मा भयो ।'

यतिमात्र होइन, देउवाले त्रासमुक्त समाज बनाइ छाड्ने वाचासमेत गरे । 'कांग्रेसको सरकार रहिरह्यो भने स्थानीय सरकार कांग्रेसको हुनेछ, राष्ट्रिय सरकार कांग्रेसको हुनेछ । त्यसका लागि मलाई यो पल्ट जिताइदिनुस्,' उनले भनेका थिए, 'मलाई धेरै कुरा भन्नु छैन, म कुनै पनि हालतमा डर त्रासबाट मुक्त शासन ल्याएरै छोड्छु । डर त्रासबाट मुक्त समाज बनाएर नेपालमा कांग्रेसको सरकार बनाउँछु, बनाउँछु, बनाउँछु । बनाइन्छ, बनाइन्छ, बनाइन्छ । तपाइँहरू मलाई साथ दिनुहोस् ।'

देउवाको अनुरोधलाई २०७८ मंसिरमा भएको १४औं महाधिवेशनले अनुमोदन गऱ्यो । दोस्रो कार्यकालका लागि सभापतिमा निर्वाचित भएपछि देउवा कांग्रेसको पक्षमा माहोल बनाउन लागे । माओवादी केन्द्रलगायत दलसँग गठबन्धन गरी तीनवटै तहको निर्वाचनमा देउवाले कांग्रेसलाई सबैभन्दा ठूलो दल बनाए ।

तर सरकार बनाउने बेला भने माओवादी केन्द्रलाई एमालेले फकायो । एमाले अध्यक्ष केपी शर्मा ओलीले आफू 'किङमेकर' बनेर माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई प्रधानमन्त्री बनाए । दाहाललाई गठबन्धनमा राख्न नसकेको भनेर देउवामाथि आलोचना सुरु भयो ।

आलोचना पार्टी महामन्त्रीबाटै भयो । महामन्त्री थापा र शर्मा दुवै देउवा गुटका होइनन् । थापाले शेखर कोइराला समूहबाट र शर्माले प्रकाशमान सिंह गुटबाट उम्मेदवार बनेर जितेका हुन् ।

महामन्त्रीमा थापा र शर्माको जितले कांग्रेसमा रूपान्तरणको आशा गरिएको थियो । निकै कमजोर सिंहको प्यानलबाट प्रतिस्पर्धा गरेका शर्माको जितलाई कांग्रेस कार्यकर्ताले पार्टी रूपान्तरणको मत भनेका थिए । जसरी १३औं महाधिवेशनपछि धेरैले शशांकलाई पार्टीभित्रको प्रतिपक्षका रूपमा लिएका थिए, त्यसैगरी थापा र शर्माले देउवालाई मनोमानी गर्नबाट रोक्न सक्ने नेताको रूपमा लिए ।

थापा र शर्मा दुवैले कांग्रेसलाई रूपान्तरणको वाचा गरे । उनीहरूले अहिले पनि त्यसो भन्न छोडेका छैनन् । तर गर्नचाहिँ केही सकेका छैनन् । उनीहरू सभापति देउवासामु कति कमजोर छन् माथिका केही कार्यक्रम हेर्दा पुग्छ । कतिसम्म भने सत्ता गठबन्धनको बैठकमा देउवाले पार्टीका तर्फबाट उपस्थित गराउन नचाहँदा पनि थापा र शर्मा दुवै निरीह देखिँदै आएका छन् ।

देउवालाई चुनौती दिन नसकेको र पार्टीप्रति आकर्षण बढाउन देखिने किसिमको भूमिका निर्वाह गर्न नसकेको आरोप थापा र शर्माले खेप्नुपरिरहेको छ । अहिले यी दुई नेतामाथि शशांकलाई जस्तै देउवाको बचाउमा लागेको आरोप लाग्न थालेको छ ।

केन्द्रीय समितिमा देउवाको पकड छ । झण्डै ८० प्रतिशत सदस्य देउवाको पक्षमा छन् । उनले पार्टीको केन्द्रीय समिति बैठक लाइभ गरेर आफ्नो शक्ति प्रदर्शन गरिसकेका छन् । त्यतिमात्र होइन, विरोधमा बोल्न चाहनेको मुखसमेत थुनिदिएका छन् ।

'देउवा पुरानै निरंकुश फर्ममा प्रस्तुत भएका छन् । पार्टी विधानविपरीत चल्दा पनि प्रतिपक्षी देखिएको छैन,' एक केन्द्रीय सदस्यले भने । पुरानै फर्म अर्थात् निरंकुशताको शैली उनले सरकारमा मन्त्री पठाउनेदेखि भ्रातृ संगठनका विस्तारसम्म अपनाएका छन् ।

विधानअनुसार प्रत्येक दुई महिनामा केन्द्रीय समिति बस्नुपर्ने हो । तर देउवाले २०७९ भदौपछि एकैचोटि गत साउनमा मात्र बैठक राखे । महामन्त्री थापा र शर्माले यसैमा खुसी हुनुपऱ्यो । महाधिवेशन भएको २ वर्ष हुन लाग्दा पनि कांग्रेसले कोषाध्यक्ष चयन गर्न सकेको छैन । केन्द्रीय सदस्य किस्ताकिस्तामा मनोनीत गर्ने काम भइरहेको छ । केन्द्रीय समितिमा मनोनीत सदस्यबारे थापा र शर्माले अरु नेताले जस्तै पछि मात्र थाहा पाउने गरेका छन् । कार्यसमितिले पूर्णता पाएको छैन ।

जेठ १९ गते बानेश्वरको एक कार्यक्रममा थापाले विभाग गठनबारे सभापतिकै 'दादागिरी' हाबी भइरहेको बताएका थिए । 'केन्द्रीय समिति सभापतिले बोलाउने हो । विभाग बनाउने काम पनि सभापतिको हो,' थापाले भनेका थिए । प्रेस युनियनका अध्यक्ष शिव लम्साललाई उदाहरण दिँदै गगनले प्रश्न सोधेका थिए, 'शिव लम्सालले प्रेस युनियनको केन्द्रीय समिति बोलाउने हो कि महासचिव दिलिप पौडेलले ?'

कांग्रेसमा पार्टीको केन्द्रीय समिति बोलाउनेदेखि विभाग गठन गर्ने विषयमा महामन्त्रीले सभापतिलाई सहयोग गर्न सक्ने व्यवस्था छ ।

### 'महामन्त्रीले उपनिर्वाचनमै हैसियत देखाइसके'

कांग्रेसमा ७० वटा विभाग गठनको व्यवस्था छ । ती विभागको काम के हो ? अहिलेसम्म यसको महत्व नेतृत्वले देखाउन सकेको छैन । विधानअनुसार महाधिवेशनको छ महिनाभित्र विभाग गठन गरिसक्नुपर्ने हो । तर विभाग गठन कहिले हुन्छ ? थापा र शर्मासँग नै जवाफ छैन । १६ विभागमा संयोजक तोकिए पनि बाँकी सदस्यको अत्तोपत्तो छैन । ५४ विभागले त्यही संयोजक पनि पाउन सकेका छैनन् ।

भ्रातृ संस्थाहरू मनपरी ढंगले चलेका छन् । नेविसंघमा ७१० जना केन्द्रीय सदस्य मनोनीत भएका छन् । तरुण दलमा ४०० केन्द्रीय सदस्य थपिएका छन् । लोकतान्त्रिक पार्टीको भ्रातृ संगठन तदर्थवादमा चल्दा कार्यकर्ता खुसी छैनन् । कांग्रेसकै केन्द्रीय सदस्यहरू भ्रातृ संगठनको बैठक टुँडिखलमा राख्नुपर्ने अवस्था आएको बताउँछन् । देउवाले पार्टीलाई भद्रगोल बनारहँदा दुई महामन्त्रीको रूपान्तरण नीति भने फेल खाएको देखिन्छ । उपनिर्वाचनमा डा. स्वर्णिम वाग्ले पार्टी छाडेर राष्ट्रिय स्वतन्त्र पार्टीबाट मैदानमा आउँदा दुई महामन्त्री देउवाको बचाऊमा उत्रिए ।

वाग्लेले पार्टी छोड्ने स्थिति किन आयो भनेर उनीहरूले देउवासँग जवाफ माग्न सकेनन् । त्यसैले केन्द्रीय सदस्यहरूले थापा र शर्माले पनि शशांकको लय समातेको भन्न थालेका छन् । 'दुई महामन्त्रीले उपनिर्वाचनमै आफ्नो हैसियत देखाइसकेका छन्,' एक केन्द्रीय सदस्यले भने ।

## न्याय किन ...

मुलुकको विकास निर्माणमा अवरोध गर्ने कुनै पनि योजना नरहेको उनीहरूको भनाइ थियो । सांसदहरूले प्रश्न गर्ने सिलसिलामा अदालतमा बाबुको पालामा परेको मुद्दा नातिको पालामा पनि नसकिने परिपाटीको अन्त्य हुनुपर्ने धारणा राखेका थिए । गत कात्तिक मसान्तसम्मको तथ्यांकलाई हेर्दा सर्वोच्च अदालतमा २८ हजार १६४, उच्च अदालतमा २९ हजार १४५ र जिल्ला अदालतमा एक लाख २१ हजार ९५१ थान मुद्दा बाँकी रहेको छ ।

### प्रस्तावित न्यायाधीशद्वयको कार्ययोजना

सर्वोच्च अदालतका लागि प्रस्तावित न्यायाधीशद्वय सुवेदी र मुसलमानले सर्वोच्च अदालतमा गएर काम गर्ने कार्ययोजना तयार गरेका छन् । छिटोछरितो गुणस्तरीय न्याय सम्पादनका लागि मुद्दाको फर्स्योटमा शीघ्रता ल्याउने, मुद्दाको व्यवस्थापन पद्धतिमा सुधार ल्याउन फरक मुद्दा व्यवस्थापन पद्धति लागू गरिएको छ ।


न्यायिक काम कारबाही तथा मुद्दाको फैसलामा गुणस्तरीयता अभिवृद्धि गर्ने, मुद्दामा रहेको विवाद समाधान गर्न वैकल्पिक उपायहरू (मेलमिलाप पद्धति) लाई प्रभावकारी बनाउने, फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउनेसमेतका प्रयासहरू निरन्तर जारी राख्ने उल्लेख छ । न्यायमा पहुँच अभिवृद्धिका लागि अवरोधहरू पहिचान गरी सम्बोधनको प्रयास गर्ने, अदालतबाट प्रवाह हुने सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउने विभिन्न प्रयासहरू भएका गर्ने रहेको छ । कानुनी सहायतालाई प्रभावकारी बनाउने, न्यायिक प्रक्रिया र प्रणालीका बारेमा सर्वसाधारणको जानकारीका लागि सूचना सम्प्रेषण गर्ने कार्य भइरहेको उल्लेख छ ।

न्यायिक सुशासनको प्रवर्द्धनका लागि न्यायिक स्वतन्त्रता र स्वायत्तता प्रवर्द्धन गर्ने, न्यायिक उत्तरदायित्व र जवाफदेहिता अभिवृद्धि गर्ने, न्यायिक जनशक्तिको कार्य शैलीमा सुधार गर्ने अदालतबाट सम्पादन हुने काम कारबाहीको अनुगमन निरीक्षणलाई प्रभावकारी बनाउने प्रयास भइरहेको कार्ययोजनामा उल्लेख गरिएको छ ।

व्यवस्थापकीय सुधारका लागि मानव संसाधनको व्यवस्थापन, भौतिक र सेवा पूर्वाधारमा सुधार, वित्तीय व्यवस्थापन, सूचना प्रविधिको संस्थागत सुदृढीकरण, कर्मचारीको क्षमता अभिवृद्धि गर्ने, न्यायिक अध्ययन अनुसन्धान पद्धतिको विकास, योजना कार्यान्वयन प्रणालीको विकास गर्ने समेतका व्यवस्थापकीय सुधारका प्रयास गर्ने रहेको छ ।

न्यायपालिकाको जनआस्था र विश्वास अभिवृद्धिका लागि अदालतबाट प्रवाह हुने सेवाबाट सेवाग्राहीलाई सन्तुष्टि दिने प्रयास गरिएको कार्ययोजनमा छ । न्यायिक काम कारबाहीको सूचना सञ्चार सम्प्रेषण पद्धतिलाई सुधार गर्ने प्रयास भएको र सरोकारवालासँग सम्बन्ध र सहयोग सुदृढ गर्ने प्रयास भएका छन् भने योजनाको मूल्यांकन, अनुगमन र समीक्षा गर्ने गरिएको छ । सर्वोच्च अदालतको रिक्त न्यायाधीश पदका लागि न्याय परिषद्को यही मंसिर ५ गते बसेको बैठकले छ जना न्यायाधीश सिफारिस गरेको थियो । तीमध्ये शुक्रबार प्रस्तावित न्यायाधीशद्वय सुवेदी र मुसलमानको सुनुवाइ भएको हो । *रासस*

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

मंसिर ३० गते २०८०, शनिबार

| | |
|---|---|
| **मेष** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **वृष** | आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **मिथुन** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **कर्कट** | स्वास्थ्यमा गडबडी, दैनिक कामकाजमा असर पर्नसक्छ |
| **सिंह** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **कन्या** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **तुला** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ । |
| **वृश्चिक** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **धनु** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **मकर** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |
| **कुम्भ** | परोपकारमा रूचि बढ्नेछ । |
| **मीन** | अरूले आलोचना पनि गर्न सक्छन् । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्ड्स् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

मंसिर ३० गते, २०८०, १६ डिसेम्बर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.०४ | १३३.६४ |
| युरो | १ को | १४५.२८ | १४५.९३ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.५३ | १६९.२९ |
| स्विस फ्रैन्क | १ को | १५३.०१ | १५३.७० |
| अस्ट्रेलियन डलर | १ को | ८९.३५ | ८९.७५ |
| क्यानाडियन डलर | १ को | ९८.९१ | ९९.३५ |
| सिंगापुर डलर | १ को | १००.०७ | १००.५२ |
| जापानी येन | १० को | ९.४१ | ९.४५ |
| चिनियाँ युआन | १ को | १८.६५ | १८.७३ |
| साउदी अरब रियाल | १ को | ३५.४६ | ३५.६२ |
| कतारी रियाल | १ को | ३६.४८ | ३६.६५ |
| थाई भाट | १ को | ३.८० | ३.८२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२२ | ३६.३९ |
| मलेसियन रिङेट | १ को | २८.४७ | २८.६० |
| दक्षिण कोरियन वन | १०० को | १०.२८ | १०.३३ |
| स्विडिस क्रोनर | १ को | १२.९९ | १३.०५ |
| डेनिस क्रोनर | १ को | १९.४९ | १९.५७ |
| हङकङ डलर | १ को | १७.०४ | १७.१२ |
| कुवेती दिनार | १ को | ४३२.६४ | ४३४.५९ |
| बहराइन दिनार | १ को | ३५२.९० | ३५४.४९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**विश्वकीर्तिमानको लक्ष्य**

जनकपुरधामको रंगभूमि मैदानमा राम–जानकी विवाह महामहोत्सवको अवसरमा ११ हजार ११ स्क्वायर फिटमा अन्नले सीताराम स्वयम्बरको आकृति बनाइँदै । विश्वकीर्तिमान कायम गर्ने उद्देश्यले भगवान् राम र सीतासहितको आकृति बनाउने कार्यका लागि भारतका सतिश गुज्जरको नेतृत्वमा आठ कलाकारको टोली जनकपुरधाम आएको छ ।

*तस्बिर: चन्द्रदेव साह/रासस*

# स्थानीय तहलाई मजबुत बनाउने प्रधानमन्त्रीको प्रतिबद्धता

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले स्थानीय तहको जग अझ मजबुत बनाउन नीतिगत सुधार गर्दै वित्तीय हस्तान्तरणलाई प्रभावकारी बनाउन सरकार प्रतिबद्ध रहेको बताएका छन् । २९औं काठमाडौं महानगर दिवसका अवसरमा शुक्रबार सैनिक मञ्च टुँडिखेलमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले स्थानीय तहलाई संविधानको मर्म र भावनाअनुरूप स्रोत तथा साधनको व्यवस्था र स्थानीय सरकारको मान्यताअनुसार अधिकारसम्पन्न तुल्याउन सरकारले प्रभावकारी काम गर्ने बताए ।

नेपालको संविधानले सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा तीन तहको सरकारको प्रस्ट व्यवस्था गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ तुल्याउन कानुन निर्माण पहिलो प्राथमिकतामा रहेको बताए ।

'संघीय कानुनको निर्माण र व्यवस्थित कार्यान्वयनबाट मात्रै संघीय प्रणालीलाई थप सुदृढ र जनताको हितमा सदुपयोग गर्न सकिन्छ,' उनले भने, 'संवैधानिक अभ्यासमा थप परिपक्वता ल्याउन काठमाडौं महानगरपालिकालगायत सबै स्थानीय सरकारलाई बलियो बनाउन नेपाल सरकार दृढ छ ।'

काठमाडौं देशको राजधानीमात्र नभएर विश्वकै प्राचीनमध्येको एक सांस्कृतिक सहरका रूपमा रहेको जनाउँदै उनले विशिष्ट विशेषता बोकेका कला, संस्कृति, जीवनशैली, खानपान आदिले काठमाडौंलाई खुला संग्रहालयका रूपमा विश्वमाझ चिनाएको बताए ।

'आदिम वैभवको उचित संरक्षणले काठमाडौंको विशिष्ट वैश्विक पहिचानको जगेर्ना गर्दछ, अर्कोतर्फ पर्यटन प्रवर्द्धनका माध्यमबाट नागरिक जीवनमा सम्पन्नता ल्याउन महत्त्वपूर्ण योगदान पुऱ्याउँछ,' प्रधानमन्त्री दाहालले भने, 'काठमाडौंको विकास, सभ्यता र संस्कृतिको संरक्षण र प्रवर्द्धन एवं यहाँको सौन्दर्य देशकै राष्ट्रिय कार्यभार हुनुपर्दछ ।'

पछिल्लो समय काठमाडौं महानगरले गरेका प्रगतिशील कामलाई आफूले गम्भीरतापूर्वक नियालिरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सहरी सौन्दर्य, शिक्षाको व्यवस्थापन एवं विकास, सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन, सांस्कृतिक सम्पदा संरक्षणमा महानगरको पहलले संघीय सरकारलाई सकारात्मक उत्प्रेरणा पैदा गरेको बताए ।

वि.सं. २०५२ मा तत्कालीन काठमाडौं नगरपालिकालाई मुलुककै पहिलो महानगरका रूपमा घोषणा गरिएको थियो । महानगर दिवसका अवसरमा विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तित्वलाई सम्मान गरेको छ । प्रधानमन्त्री दाहालले वरिष्ठ नेत्र विशेषज्ञ प्राध्यापक डा. सन्दुक रुइत, अभिनेत्री मनिषा कोइराला, साहित्यकार दुर्गालाल श्रेष्ठ, ओलम्पियन वैकुण्ठ मानन्धर, स्ट्रक्चरल इन्जिनियर मनोहरलाल राजभण्डारीलाई सम्मान गरे ।

यसैगरी नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक मीरा चौधरी, नेपाली राष्ट्रिय फुटबल टोलीका पूर्वकप्तान बालगोपाल महर्जन, नेपाली राष्ट्रिय क्रिकेटका पूर्वकप्तान पारस खड्का, कराते खेलाडी एरिका गुरुङ, महिला बास्केटको क्याप्टेन सविना श्रेष्ठ र कराते प्रशिक्षक केदारेश्वरमान स्थापितलाई पुरस्कृत गरियो । पुरस्कृत व्यक्तित्वलाई जनही एक लाख ५० हजार रूपैयाँ प्रदान गरिएको थियो ।

महानगरप्रमुख बालेन्द्र साहले तीनकुनेको जग्गा मुआब्जाको समस्या, खोला अतिक्रमणको समस्या र फोहोर व्यवस्थापनको दीर्घकालीन समस्या समाधान गर्न बाँकी रहेको बताए । उनले महानगरका ३२ वटै वडाका सांस्कृतिक झाँकी र नृत्य देखाउन पाइएकामा खुसी व्यक्त गरे ।

# सुर्तीजन्य पदार्थ बिक्रीमा रोक नलगाउन अदालतको आदेश

**काठमाडौं (प्रस)–** उच्च अदालत पाटनले सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न नदिने काठमाडौं महानगरपालिकाको निर्णय कार्यान्वयन नगर्न आदेश दिएको छ । शुक्रबार उच्च अदालत पाटनका न्यायाधीश जनक पाण्डे र ब्रजेश प्याकुरेलको सयुक्त इजलासले काठमाडौं महानगरको सुर्तीजन्य पदार्थमा बिक्री वितरणमा रोक लगाउने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको हो ।

आदेशमा अन्तिम टुंगो नलागेसम्म निर्णय कार्यान्वयन नगर्न/नगराउन भनिएको छ । 'निवेदकले रीतपूर्वक उद्योग व्यवसाय सञ्चालन गरी कर तथा राजस्व नियमित तिर्दै बुझाउँदै आएको अवस्थामा हाल काठमाडौं महानगरले सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ को दफा ४ एवम् काठमाडौं महानगर जनस्वास्थ्य ऐन, २०८० को दफा ४२ लाई आधार मानी निवेदकको बिक्री विवरण समेतमा पूर्ण प्रतिबन्ध लगाएको छ,' भन्ने सूचनाले निवेदकले कानुनबमोजिम सञ्चालन गर्दै आएको उद्योग व्यवसायमा प्रतिकूल असर परी अपूरणीय क्षति पुग्नसक्ने अवस्था देखिएको छ,' आदेशमा उल्लेख गरिएको छ ।

काठमाडौं महानगरले यही मंसिर २७ गतेदेखि प्लास्टिक प्याकेजिङ् गरिएका, खैनी, गुट्खा, पानपराग जस्ता सुर्तीजन्य पदार्थको बिक्री विवरणमा रोक लगाएको थियो ।


## सेफवे बचत तथा ऋण सहकारी संस्था लि.

पुरानो बानेश्वर–१०, काठमाडौं, फोन नं. ०१–४५९९३९२

### १४ औं बार्षिक साधारण सभाको सूचना

**प्रकासन मितिः २०८०/०८/३०**

*आदरणीय शेयर सदस्य महानुभावहरू*

यस **सेफवे बचत तथा ऋण सहकारी संस्था लि.** बानेश्वर–१० काठमाडौंको मिति २०८०/०८अ२९ गते शुक्रबार बसेको संचालक समिति बैठकको निर्णयानुसार यस संस्थाको १४औं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा बस्ने भएकोले संस्थाको विनियम २०६६ को दफा २४ र सो अन्तरगतको उपदफाहरू बमोजिम यो सूचना प्रकाशित गरिएकोछ । उक्त सभामा अनिवार्य उपस्थितीका लागी सम्पूर्ण सदस्यहरूलाई आमन्त्रण गएिकोछ । साथै यस सहकारी संस्थाको मातृ संस्था गरिवी निवारण संस्था नेपालको वार्षिक साधारणसभा समेत यसै दिनमा हुने समेत जानकारी गराईन्छ ।

**छलफलका विषयहरू**

१. अध्यक्षज्यूबाट संचालक समितिको तर्फबाट प्रस्तुत हुने प्रतिवेदन ।
२. आ.व. २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन ।
३. आ.व. २०७९/०८० मा संचालक समितिमा भएका निर्णयहरू अनुमोदन गर्ने ।
४. आ.व. २०८०/०८१ को लागी लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने बारे ।
५. संचालक समिति र लेखा समितिको निर्वाचन सम्बन्धमा । (निर्वाचन सम्बन्धि विस्तृत जानकारी संस्थाको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।
६. विविध ।

**संस्थाको १४औं बार्षिक साधारणसभा हुने मिति, स्थान र समय**

स्थान : मानसरोवर पार्टी प्यालेस, पुरानो बानेश्वर ।
मिति : २०८०/०९/२१ गते शनिबार
समय : दिनको १३.०० बजे

**सन्चालक समितिको आज्ञाले**
**सचिव**



## श्री जागृति सामुदायिक वन उपभोक्ता समूह

राप्ती सोनारी गा.पा.–३, बाँके

### गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०८/३० गते)

यस सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गरेको वन क्षेत्रमा समूहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २४७१ मिति २०८०/१२/२० गतेको वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ दाउरा समूहमा आन्तरिक खपत भै बाँकी रहेको काठ दाउरा डि.व.का.को च.नं. १२६९ मिति २०८०/०८/०८ गतेको बाह्रय लिलाम सहमति बमोजिम समूहको घाटगद्धीमा रहेका असना, साल, सिसौं, बर्रो, धाटी र खयर लगायतका जातका गोलिया थान १४६ को ७५२.१५ क्यू.फि. काठ साल दाउरा २ चट्टा र अन्य दाउरा १.५० चट्टालाई हाल जे-जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले सूचिकृत भएका काठ व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनको कार्यालय समयसम्म सिलबन्दी बोलपत्र दाखिला गर्नुहुन आव्हान गरिन्छ । विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरेको व्यहोरा सम्बन्धीत सबैलाई सूचित गरिन्छ ।



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IBRAHIM ABDULAZIZ AL-MOHAREB FOUNDATION FOR AGRICULTURE

पुर्व स्वीकृति मितिः २०७९/०२/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२९ | LT. No. 263528 | चलानी नं. ६०२०७२७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 1 | 0 | 1000 | ३५,३६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ७ गते (23rd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८६१/०६६/०६७

**G.R. Manpower Service Pvt. Ltd.**

Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695
E-mail: grmanpower861@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INSPECTION CORROSION ENGINEERING SERVICES WLL

पुर्व स्वीकृति मिति २०७९/११/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२९ | LT. No. : 281305 | चलानी नं. ६०१९६७३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 10 | 0 | 1400 | ५०,९७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Technician | 1 | 0 | 1300 | ४७,३३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ७ गते (23rd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०८५/०५३/०५४

Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Mob: 9861045857



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHENYANG YUANDA ALUMINIUM INDUSTRY ENGINEERING CO., LTD

पूर्व स्वीकृति मिति २०८०/०८/१५ | LT. No. 295754 | चलानी नं. ६०२११५६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Doors Maker | 5 | 0 | 1000 | ३६,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 3 | 0 | 1000 | ३६,१२५ | | | | | | | |
| 3 | Carpenter Assistant | 2 | 0 | 1000 | ३६,१२५ | | | | | | | |
| 4 | Concrete Mixing Operator | 3 | 0 | 1000 | ३६,१२५ | | | | | | | |
| 5 | Metal Structure Maker | 5 | 0 | 1000 | ३६,१२५ | | | | | | | |
| 6 | Plumber Assistant | 2 | 0 | 1000 | ३६,१२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ७ गते (23rd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Target Consultant Human Resources Pvt. Ltd.** श्रम ईजाजत नं.८३३/०६६/०६७

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TMAKER PRODUCTION SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०४/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०८/२९ | LT. No. 269010 | चलानी नं.६०१८४९०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 60 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ७ गते (23rd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**R. A. International Employment Agency Pvt Ltd** श्रम ईजाजत नं. १४०४/०७४/०७५

Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : INDUSTRI KEROPOK DUNIA

पुर्व स्वीकृति मिति २०८०/०२/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०८/२९ | LT. No 286081 | चलानी नं. ६०२०१५०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 20 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ७ गते (23rd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. १००१/०६८/६९

**MOBHIRA H.R. SERVICE PVT. LTD.**

Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONWELD ENGINEERING SDN. BHD.

पुर्व स्वीकृति मिति : २०७९/०८/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२९ | LT. No. 275835 | चलानी नं. ६०१९१९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SPP PACKAGING & TRADING SDN. BHD.

पुर्व स्वीकृति मिति : २०८०/०४/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२९ | LT. No. 290446 | चलानी नं. ६०२०५७३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 15 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : CHY KOREAN RESTAURANT SDN BHD

पुर्व स्वीकृति मिति : २०७९/१२/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२९ | LT. No. 284040 | चलानी नं. ६०१९९४५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 15 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ७ गते (23rd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**KHOJI RECRUITMENT SERVICES PVT. LTD.** Govt. License 902/067/68

Bijaybasti, Sanepa-2, Lalitpur, Contact: 01-5455896, 5455792
Email: khoji.nepal2022@gmail.com

# जेठो हिमालको आधार शिविर पूर्वाधारको प्रतीक्षामा



> नारच्याङदेखि कूल ४२ किलोमिटरको दूरीमा रहेको नर्थ अन्नपूर्ण आधार शिविर पुग्नका लागि हुमखोलासम्म नीलगिरिखोला जलविद्युत् आयोजनाले २० किलोमिटर सडकको मार्ग खोलेको छ । हुमखोलादेखि आधार शिविरसम्मको २२ किलोमिटर दूरीमा पदमार्ग निर्माण भएको छ । दुई दिनको पैदलयात्रामा पुगिने अन्नपूर्ण आधार शिविर पर्यटकका लागि 'भर्जिन' गन्तव्य भएको मौरिस हर्गोज पदमार्गका अभियन्ता तेज गुरूङले बताए ।

**सन्तोष गौतम/म्याग्दी**

अन्नपूर्ण प्रथम हिमाल आरोहणका हिसाबले विश्वको जेठो मानिन्छ । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा पर्ने यो हिमाल आठ हजार मिटरभन्दा अग्ला हिमालहरूमध्ये मानव पाइला परेको पहिलो हो ।

आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल फ्रान्सेली नागरिक मौरिज हर्जोगले सन् १९५० जुन ३ तारिखका दिन आरोहण गरेका थिए । अन्नपूर्ण प्रथम आरोहण भएको तीन वर्षपछि सगरमाथामा मानव पाइला परेको थियो । हर्जोगले अन्नपूर्ण नर्थ (उत्तरी) आधार शिविरबाट आरोहण सुरु गरेका थिए ।

म्याग्दी, कास्की, मनाङ र मुस्ताङ जिल्ला समेटेको अन्नपूर्ण हिमाल आरोहण गर्ने बाटो र आधार शिविर म्याग्दीको भूगोलमा पर्छ । हर्जोगले आठ हजार मिटरभन्दा अग्लो हिमालमा पहिलोपटक सफल आरोहण गरेर कीर्तिमान बनाएपछि फ्रान्सले तीन दिन राष्ट्रिय उत्सव मनाएको थियो । हर्गोजको अन्नपूर्ण आरोहणले नेपालको पर्वतारोहणको सम्भावना अन्तर्राष्ट्रियकरण भएको हो । विश्वमा हिमाल आरोहणको इतिहाससँग जोडिएको म्याग्दीको अन्नपूर्ण आधार शिविर पूर्वाधारको पर्खाइमा छन् ।

कास्कीको एबिसी क्याम्पलाई अन्नपूर्ण आधार शिविर बुझ्ने र त्यहीअनुसारको प्रचार गरिनु पनि नर्थ अन्नपूर्ण आधार शिविर गुमनाम हुनुको कारण रहेको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताए । उनका अनुसार खोज अनुसन्धान, पूर्वाधार र प्रचारप्रसारको कमीले ऐतिहासिक अन्नपूर्ण आधार शिविर ओझेलमा परेको हो । 'सत्तरी वर्षअघि हर्जोगले इतिहास रचेको अन्नपूर्ण आधार शिविर र उनले प्रयोग गरेको पदमार्गको अहिले पहिचान भएको छ,' अध्यक्ष पुनले भने, 'प्रकृतिको वरदान मौरिस हर्जोग पदमार्ग र अन्नपूर्ण आधार शिविरलाई व्यवस्थित गरेर पर्यटक भित्र्याउन पहल थालेका छौं ।'

पर्यटनविद् रामहरि लामिछाने अन्नपूर्ण आधार शिविरको प्राकृतिक सौन्दर्य, ऐतिहासिक, धार्मिक र पर्यटकीय विशेषताको प्रचारप्रसार र भौतिक पूर्वाधार निर्माणको काम एकैसाथ गर्नुपर्ने बताउँछन् । नारच्याङदेखि हुमखोलासम्म सडक र हुमखोलादेखि आधार शिविरसम्म आधारभूतस्तरको पदमार्ग तयार भएको छ । पदमार्गको स्तरोन्नति, खोलामा झोलुंगे पुल निर्माण, आश्रयस्थलको क्षमता विस्तार, खानेपानी, शौचालय, सञ्चार, विद्युत् सुविधा र सुरक्षाको व्यवस्थापन आवश्यकता देखिएको लामिछानेले बताए ।

नारच्याङका तेज गुरुङको अगुवाइमा २०६८ सालमा अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीमा पर्ने तथ्य तथा पदमार्ग पहिचान भएको थियो । सो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले 'मौरिस हर्जोग' नामकरण गरेको छ । पदमार्गको प्रचारप्रसार गर्न प्रवेशबिन्दुमा पर्ने नारच्याङमा २०७७ सालमा गाउँपालिकाले अन्नपूर्ण पर्यटन महोत्सव आयोजना गरेको थियो ।

नारच्याङदेखि कूल ४२ किलोमिटरको दूरीमा रहेको नर्थ अन्नपूर्ण आधार शिविर पुग्नका लागि हुमखोलासम्म नीलगिरिखोला जलविद्युत् आयोजनाले २० किलोमिटर सडकको मार्ग खोलेको छ । हुमखोलादेखि आधार शिविरसम्मको २२ किलोमिटर दूरीमा पदमार्ग निर्माण भएको छ । दुई दिनको पैदलयात्रामा पुगिने अन्नपूर्ण आधार शिविर पर्यटकका लागि 'भर्जिन' गन्तव्य भएको मौरिस हर्गोज पदमार्गका अभियन्ता गुरुङले बताए ।

'हर्गोजले आरोहणका लागि आधार शिविर जान प्रयोग गरेको पदमार्गलाई पछ्याउँदै पदमार्ग तयार गरेका छौं,' उनले भने, 'अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारैकिनार, अग्ला झरना, मनमोहक हिमशृंखला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ ।' अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को सहयोगमा छोटेपा, हुमखोला, सम्धिखर्क, गुफाँफाँट, भुसकेत र आधार शिविरमा २०/२० जना क्षमताको आश्रयस्थल बनाइएको छ । पर्यटकको चाप बढेकाले आश्रयस्थल साँघुरो र असहज बनेको छ ।

वस्तीदेखि टाढा, होटल तथा लजको सुविधा नभएकाले आश्रयस्थलमा बस्ने गरेका छन् । खानेकुरा तयारी गरेर लैजानुपर्छ । चिसोका कारण पर्यटक बिरामी पर्ने जोखिम हुन्छ । केही दिनअघि अन्नपूर्ण आधार शिविर पुगेर फर्किएका नेपाल सरकारका पूर्वमुख्यसचिव डा. सोमलाल सुवेदीले आश्रयस्थलको क्षमता विस्तारसँगै खाने, बस्ने सुविधाका लागि होटल तथा लज बनाउनुपर्ने सुझाव दिए ।

'छिनछिनमा हुने मौसम परिवर्तन, विविधतायुक्त भूगोल र हावापानीसँगै आधार शिविरमा रहेको पञ्चकुण्ड तालले यात्राको दुःख भुलायो,' उनले यात्राको अनुभव सुनाए, 'छोटो यात्रा गरेर पुगिने नजिकको आधार शिविर हुनुले पनि यसको महत्त्व र सम्भावना धेरै छ । एकीकृत योजना बनाएर पूर्वाधार विस्तार गर्नुपर्छ ।'

पछिल्लो पाँच वर्षयता मौरिस हर्गोज पदमार्ग, झोलुंगे पुल, आश्रयस्थललगायतका पूर्वाधार बनाउन पर्यटन मन्त्रालयले दुई करोड ८० लाख रूपैयाँ र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले ४० लाख रूपैयाँभन्दा बढी लगानी गरेका छन् । पदमार्ग निर्माण हुनुअघि मुस्ताङको ताक्लुङ हुँदै जंगल, भीर, पहराको जोखिमयुक्त बाटोमा करिब एक हप्ता पैदल हिँडेर अन्नपूर्ण आधार शिविर पुग्नुपर्दथ्यो ।

गत वसन्तयाममा अन्नपूर्ण प्रथम हिमाल आरोहण गरेका पाँचवटा समूहका ५४ जनाले एक करोड चार लाख २६ हजार ४१० रूपैयाँ शुल्क तिरेका पर्यटन विभागको अभिलेखमा उल्लेख छ । शरद यामका लागि अन्नपूर्ण आरोहणका लागि कसैले अनुमति लिएका थिएनन् ।

गत कात्तिक महिनामा आन्तरिक पर्यटकहरू दैनिकजसो अन्नपूर्ण आधार शिविर पुगेका थिए । मंसिर महिनामा पनि दैनिकजसो पाँचदेखि १० जनाको अनुपातमा पर्यटक त्यहाँ गइरहेका वडा सदस्य भीम शेरपुञ्जाले बताए । आधार शिविर जाने पर्यटकहरूको अभिलेख राख्ने गरिएको छैन ।

हेलिकप्टरमार्फत सीधै आधार शिविर जाने पर्वतारोहीहरूलाई पदमार्गबाट जाने वातावरण बनाउन पर्यटन व्यससायीहरूसँग पहल गरिएको वडा सदस्य शेर पुञ्जाले बताए । पदमार्ग खुलेपछि आरोही र पर्यटकका खाद्यान्न, बन्दोबस्तीका सामान भरियाले लैजान सजिलो र सस्तो हुने अपेक्षा गरिएको छ । गाउँपालिकाले पदमार्गको नक्सा तयार पारेको छ । नारच्याङको बेसी गाउँदेखि छोटेपा हुँदै हुमखोलासम्म नीलगिरि जलविद्युत् आयोजनाले बनाएको सडक प्रयोग हुन्छ । हुमखोलादेखि एक दिनमा भुसकेत र अर्को दिन तीन घण्टा हिँडेर आधार शिविर पुग्न सकिन्छ ।

फराकिलो फाँट भएकाले दुर्घटनाको जोखिम कम भएको अन्नपूर्ण आधार शिविरमा पुग्न सकिने यो पदमार्ग सबैभन्दा छोटो, रमणीय र सुरक्षित मानिएको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सदस्य जुद्धबहादुर गुरुङले बताए । केही दिनअघि आधार शिविर पुगेर फर्किएका राष्ट्रिय प्रकृति संरक्षण कोषका पूर्व सदस्यसचिवसमेत रहेका गुरुङले हिमाल आरोहणमात्र नभएर झरना, ताल, हिमाल, वन्यजन्तु, वनस्पति पदमार्गको आकर्षण भएको बताए ।

समुद्री सतहदेखि चार हजार ३०५ मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरको प्राकृतिक सौन्दर्ययुक्त दृश्य रमणीय र मनमोहक छ । पदयात्राका क्रममा हिमाल, अग्ला पहाडबाट खसेका झरना, हिमताल र विभिन्न वनस्पति, फूल, चराचुरुंगी, वन्यजन्तुको पनि अवलोकन गर्न सकिन्छ । अन्नपूर्ण आधार शिविरमा अन्नपूर्ण, फ्रेन्क, तिलिचो र नीलगिरि हिमालको फेदीमा निलो रङ र गोलो आकारको तलाउ छ । सुख्खा र उजाड पहाडको बीचमा रहेको तालमा हिमालको छायाँ हेर्न सकिन्छ । चिसो याममा तालको पानी जमेको छ । धेरै हिमालको चुचुरो एकै ठाउँबाट अवलोकन गर्न सकिन्छ ।

यो ताल करिब एक किलोमिटर लम्बाई र ५०० मिटर चौडाइमा फैलिएको छ । अन्नपूर्ण हिमालको हिउँ पग्लिएर आउने पानी संकलन भएर प्राकृतिक हिमताल बनेको हो । रक्त, दुग्ध, ताम्र, शुद्ध, स्वर्ण गरी पाँच छुट्टाछुट्टै ताल छन् । तालको सौन्दर्यले मोहित र प्रफुल्लित बनाउने आन्तरिक पर्यटक सुकबहादुर गर्बुजाले बताए । ताल र हिमाल हेरेपछि पदयात्राको दुःख कष्ट भुलाएको उनले अनुभव सुनाए । पितृको सम्झनामा पिण्डदान गर्नाले पुण्य प्राप्त हुने विश्वास छ । काललाई धार्मिक गन्तव्यको रूपमा विकास गराउन शिव मन्दिर र बैद्ध गुम्बासमेत निर्माण गरिएको छ ।

ताल नजिकैको काग भुसुण्डे डाँडाको बारेमा हिन्दू धर्मग्रन्थ रामायणमा उल्लेख छ । रामायणमा कागभुसुण्डी नाम गरेका ऋषिले नीलगिरि हिमालको फेदीको डाँडामा ध्यान गरेको उल्लेख भएकाले यसको धार्मिक महत्त्व रहेको बताइएको छ ।

अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले अन्नपूर्ण आधार शिविर र मौसिज हर्गोज पदमार्गको एकीकृत विकासका लागि गुरुयोजना निर्माणको काम सुरु भएको जानकारी दिए । आधार शिविर र पदमार्गमा पूर्वाधार विस्तारसँगै प्रवर्द्धनका लागि गुरुयोजना बनाउन गाउँपालिकाले चालु आर्थिक वर्षमा १५ लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । गुरुयोजना तयार पारेर गाउँपालिका, संघीय र प्रदेश सरकारले साझेदारी गरेर पूर्वाधार विस्तारको काम गर्ने लक्ष्य राखिएको छ ।

आधार शिविरको पर्यटन प्रवर्द्धनका लागि १० लाख रूपैयाँ विनियोजन भएको छ । मौरिस हर्गोज पदमार्गलाई नै लक्षित गरेर पर्यटक गाइड तालिम सञ्चालन गर्न १५ लाख रूपैयाँ बजेट विनियोजन भएको गाउँपालिकाकी उपाध्यक्ष दिवाकुमारी तिलिजा पुनले बताइन् । यसै आर्थिक वर्षमा भुसकेत र आधार शिविरमा सामुदायिक लज सञ्चालनका लागि भवन बनाउने तयारी गरेको गाउँपालिकाले जनाएको छ । बाँसबोटमा पर्यटकको अभिलेख राख्ने र पदयात्रीलाई सहयोग गर्न पर्यटक सूचना केन्द्र स्थापना गर्न लागिएको छ ।

यसैगरी अन्नपूर्ण गाउँपालिकाले हिमाल, आरोहीले प्रयोग गर्ने आधार शिविर र मार्ग म्याग्दीको भूगोलमा पर्ने तथ्यसहित अन्नपूर्ण हिमालको रोयल्टी दाबी गरेको छ । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा अन्नपूर्ण हिमालको रोयल्टी पाउनुपर्ने दाबी पेस गरिएको जानकारी दिए । 'म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ को भूगोलमा पर्ने अन्नपूर्ण हिमालको रोयल्टी कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिकाले मात्र पाउने गरेको छ,' उनले भने, 'म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले आफ्नै भूगोलमा भएको हिमालको रोयल्टीबाट वञ्चित भएकाले तथ्यसहित दाबी पेस गरिएको हो ।'

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले हिमाललगायत प्राकृतिक स्रोतबाट प्राप्त हुने सलामी दस्तुरलाई तीन तहको सरकारलाई बाँडफाँट गर्दै आएको छ । १३ वर्षअघि अन्नपूर्ण प्रथम हिमाल म्याग्दीको भूगोलमा पर्ने तथ्य पहिचान भएपछि तत्कालीन जिल्ला विकास समितिको सभाले पनि रोयल्टी माग गरे पनि सम्बोधन भएको थिएन ।

पछिल्लोपटक अन्नपूर्ण गाउँपालिकाले रोयल्टीको दाबी गरेपछि वित्त आयोगका अध्यक्ष बालानन्द पौडेलसहितको टोलीले स्थलगत अध्ययन गरेको छ । 'राज्य पुनःसंरचनाका क्रममा जिल्ला तहबाट भएको सिफारिसअनुसार यो गाउँपालिकाको नामकरण अन्नपूर्ण हिमालबाट भएको थियो,' अध्यक्ष पौडेलले भने, 'राज्यका निकायहरूबाट प्राप्त तथ्यांकहरूको आधारमा रोयल्टीको बाँडफाँट हुने गर्छ । हामीले प्रयोग गरेका तथ्यांकमा समस्या रहेछ भने त्यसलाई सच्याउन सकिन्छ ।' *रासस*

# पाहुनाको पर्खाइमा खैयरकन्द्रा घरबास



कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-३ की वसन्ती चौधरी खयरकन्द्रा घरबास (होमस्टे)की सञ्चालक हुन् । घरबास सञ्चालनका लागि अतिथि सत्कार गर्ने कार्यमा उनी निपुण भएकी छन् । पाहुना आएपछि उनी घरबास सञ्चालक महिलासँगै परम्परागत पहिरनमा सजिएर हसिलो मुहारमा फूलमाला र अबिर लिएर सत्कार गर्नका लागि तम्तयार भएर बस्छिन् ।

एकपटक घरबासमा पुगेका पाहुना थारू महिलाको सेवा, सत्कार गर्ने बानी देखेर पुनः फर्केर आउने गरेका छन् । वसन्तीले घरबास सञ्चालनका लागि तालिम लिएपछि दक्ष बनेकी हुन् । उनीजस्तै खयरकन्द्रा सामुदायिक घरबासमा आठ परिवार आबद्ध छन् । सबै परिवारका सदस्यले राष्ट्रिय प्रकृति संरक्षण कोष, तारागाउँ विकास समिति र मितजी ग्रुपलगायत संस्थाबाट घरबास सञ्चालनबारे तालिम लिएका छन् ।

सबै परिवारका सदस्यले पाहुनालाई सत्कार गर्ने, पाहुनाको चाहनाअनुसार मौलिक परिकार बनाएर खुवाउने, परम्परागत गीत र नृत्य देखाउने गर्दछन् । त्यो सबै कार्य तालिम लिएपछि सम्भव भएको सामुदायिक घरबास व्यवस्थापन समितिका अध्यक्ष पुरनबहादुर डगौरा बताउँछन् ।

'धेरै पाहुना बाहय जिल्लाबाट सामुदायिक घरबास हेर्नका लागि र यस क्षेत्रको मनोरम दृश्यसँगै थारू संस्कृति हेर्नका लागि पुग्ने गर्दछन्,' उनले भने, 'थारू परिकारका पारखी पनि पुग्ने गर्दछन् ।' कोरोना महामारीअघि घरबासमा पाहुना खचाखच भरिने गरेका थिए । 'महामारी फैलिएपछि घरबासमा पाहुना आएनन्,' पुरनले भने, 'धेरै दिन बन्द नै गर्नुपर्‍यो, महामारीको अन्त्यपछि पुनः पाहुना फाट्टफुट्टरूपमा आउन थालेका छन्, अझै पहिलाझैं घरबासमा खचाखच पाहुना भरिने दिनको पर्खाइमा छौं ।'

उनका अनुसार घरबासमा आउने पाहुनालाई सामुदायिक भवनमा स्वागत गर्ने गरिएको छ । स्वागत कार्यक्रमपछि पाहुनालाई घरबास सञ्चालकले पालो मिलाएर घर-घरमा बस्ने व्यवस्था मिलाउने गरेका छन् । पाहुनाको चाहनाअनुसारका परिकार खुवाइसकेपछि उनीहरूकै इच्छामा परम्परागत नृत्य देखाउने गरिन्छ । नृत्यपछि पाहुना घरबासमा सुत्नका लागि जाने गरेका छन् । पाहुनाबाट परिकारअनुसारको शुल्क लिइने गरिएको छ ।

'पाहुनालाई थारू संस्कृति, रहनसहनबारे जानकारी दिनका लागि गाउँ डुलाउने व्यवस्था पनि गर्न थालेका छौं,' घरबास सञ्चालक टीकुराम दहितले भने, 'बूढापाकाबाट संस्कृतिबारे जानकारी दिन्छौं, परम्परागत पहिरन, खानपान, रहनसहनबारे जानकारी दिन्छौं, यस कार्यले थारू समुदायबारे सोध, अनुसन्धान गर्नेलाई सहयोग पुग्छ ।'

गाउँ नजिकै शुक्लाफाँटा राष्ट्रिय निकुञ्जभित्र रहेको खयरकन्द्रा तालको मनोरम दृश्य नियाल्नका लागि निकुञ्ज कार्यालयसँग समन्वय गरी घुमाउने प्रबन्धका लागि कार्य अगाडि बढाइएको उनी बताउँछन् । घरबास सञ्चालकले पहिला पाहुना भित्र्याएर महिनामा ३० हजारदेखि ५० हजार रूपैयाँसम्म आम्दानी गर्दै आएका थिए ।

'कोरोनाका कारण घरबास सञ्चालकले निकै घाटा ब्यहोर्नुपर्‍यो,' गाउँका बडघर रामप्रसाद चौधरीले भने, 'कोरोनापछि हाल वर्षमा ५० हजार रूपैयाँजति आम्दानी हुन थालेको छ, घरबास प्रवर्द्धनका लागि सरकारी निकायले अनुदानको व्यवस्थासँगै पर्यटन प्रवर्द्धनमा सहयोग पुर्‍याउनुपर्छ ।' गतिलो सडक पूर्वाधार नहुँदा पर्यटकलाई यहाँसम्म पुग्न सकस हुने गरेको उनको भनाइ छ ।

'सामुदायिक घरबाससम्म पुग्न सडक कालोपत्र गर्नका लागि नगरपालिकासँग माग गर्दै आएका हौं,' उनले भने, 'नगरप्रमुखलाई यसबारे अवगत गराउनुका साथै अवलोकन गराएका हौं, अहिलेसम्म अश्वासनबाहेक अरु केही पाउन सकेको छैन ।' सामुदायिक घरबास सञ्चालक समितिका सचिव दानसिंह दहितका अनुसार हालसम्म घरबासको जग्गा खरिद र सामुदायिक भवन निर्माणका लागि वडा कार्यालयबाट दुई लाख रूपैयाँ, तारागाउँ विकास समितिबाट चार लाख रूपैयाँ, राष्ट्रिय प्रकृति संरक्षण कोषबाट १३ लाख रूपैयाँ र सुदूरपश्चिम प्रदेश सरकारको तर्फबाट ३० लाख रूपैयाँ सहयोग गरिएको छ ।

'जग्गा खरिद र भवन निर्माणकार्य पूरा भए पनि घेराबार, पर्खाल निर्माणका लागि रकम अभाव छ,' उनले भने, 'परम्परागत नृत्य गर्ने महिलाका लुगा चाजाँपाजो मिलाउने कार्यसँगै फर्निचरको व्यवस्थापन गर्न आवश्यक रकमको अभाव छ ।'

आन्तरिक तथा बाहय पर्यटक भित्र्याउनका लागि घरबास सञ्चालनमा लागेकालाई गैससको सहयोगमा नगरपालिकाका तर्फबाट सातदिने तालिम दिइएको नगरउपप्रमुख कल्पना पन्तले बताइन् । 'तालिम दिएपछि घरबास सञ्चालकको कार्यक्षमतामा वृद्धि भएको छ,' उनले भनिन्, 'घरबासमा पूर्वाधार निर्माण, सौन्दर्यकरण, पर्यटकीय क्षेत्रको विकासका लागि कार्य अगाडि बढाएका छौं ।' पर्यटन बोर्डसँगको लागत साझेदारीमा पर्यटकीय क्षेत्रसँगै घरबास सञ्चालकलाई फाइदा पुग्ने गरी कार्यक्रम सञ्चालन भइरहेको उनको भनाइ थियो ।

उनका अनुसार वडा नम्बर ३ मा खयरकन्द्रा सामुदायिक घरबास सञ्चालनमा रहेको छ भने वडा नं ७ मा कृष्णसार सामुदायिक घरबास विधिवत रूपमा दर्ता भई सञ्चालनको तयारीमा छ । वडा नं. ८ मा घरबास सञ्चालनको तयारी गरिएको छ । पर्यापर्यटन प्रवर्द्धनका लागि नगरपालिका क्षेत्रभित्रका दर्शनीय पर्यटकीय स्थलहरूको अवलोकन गराउने व्यवस्था गराइने उनको भनाइ छ । *रासस*



**राउटे समुदायको बस्ती** | दैलेखको भैरवी गाउँपालिका-५ कागेतडामा रहेको लोपोन्मुख राउटे समुदायको बस्ती । *तस्बिरः सुरेश आचार्य/रासस*

# तटबन्ध निर्माणपछि बस्ती जोखिममुक्त

**तनहुँ (प्रस)**– २०७८ भदौ ९ गते मादीनदीमा आएको बाढीले धेरै घर जोखिम बनायो । व्यास-५ पाटनमा १०२ मिटर र व्यास-३ को भतेरीमा २५८ मिटर लामो तटबन्ध निर्माण गरेपछि हाल उक्त क्षेत्र जोखिममुक्त बनेको छ ।

तटबन्ध निर्माणपछि पाटन क्षेत्रका ६०० भन्दा बढी परिवारले सुरक्षाको अनुभूति गर्न थालेका छन् । व्यास-५ पाटन टोल विकास संस्थाका पूर्वअध्यक्ष कृष्णकुमार श्रेष्ठ नदी कटानका कारण व्यास-५ पाटनका ६६३ र व्यास व्यास-३ भतेरीका चार सय परिवार बाढीको जोखिमबाट मुक्त भएका बताउँछन् । व्यास नगरपालिकाको पहलमा गण्डकी प्रदेश सरकारको दुई करोड ५० लाख रूपैयाँको लागतमा तटबन्ध निर्माण गरिएको हो ।

'स्थानीयबासी वर्षाको समयमा ढुक्क भएर सुत्न र बस्न सक्ने भएका छन्,' पूर्वअध्यक्ष श्रेष्ठले भने । तटबन्ध निर्माणपछि नदी प्रभावित क्षेत्रका बासिन्दा खुसी भएका छन् । नदी कटानले गर्दा पाटन र तल्लो पाटन क्षेत्रका करिब एक दर्जन संघसंस्थाका भौतिक संरचनासमेत धरापमा परेको व्यास नगरपालिका सूचना अधिकारी कुमारकञ्चन जिसीले बताए ।

व्यास-३ को भतेरीमा तटबन्ध निर्माण गरेपछि तनहुँ ।सदरमुकाम दमौली बजार पनि सुरक्षित भएको छ । यसअघि नदीले करिब ३० मिटर क्षेत्र कटान गरी नदी किनारमा लगाइएका बाँसको गाँजसमेत ढालेर बस्तीतर्फ मोडिएको थियो । व्यास-६ शिशाघाटदेखि व्यास-५ पाटनसम्म करिब १६ किलोमिटर क्षेत्रमा तटबन्ध निर्माण कार्य भइरहेको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका इञ्जिनियर पुष्पराज श्रेष्ठले जानकारी दिए ।

सिद्धान्त अमन निर्माण कम्पनीले प्याकेज-१ आठ करोड ६३ लाख रूपैयाँमा र प्याकेज-२ नौ करोड ३५ लाख रूपैयाँमा काम गरिरहेको छ । उक्त योजनाको हालसम्म ४८ प्रतिशत प्रगति भएको डिभिजन प्रमुख प्रकाश लम्सालले जानकारी दिए । २०८१ भदौसम्म योजना सम्पन्न गर्ने लक्ष्य छ । मादी नदीले कटान गरी जोखिम बनाएको पाटन, दमौली, सिसाघाट बजार, कलेस्ती बजार तथा गौ संरक्षण क्षेत्रलाई संरक्षण गर्न काम भइरहेको व्यासका नगर प्रमुख वैकुण्ठ न्यौपानेले बताए ।

# सुत्केरी हुन आउने गर्भवतीमध्ये ४० प्रतिशतको शल्यक्रिया

**भरतपुर (चितवन)**– चितवनको भरतपुर अस्पतालमा सुत्केरी हुन आएका गर्भवतीमध्ये ४० प्रतिशतको शल्यक्रिया गरेको पाइएको छ । आर्थिक वर्ष २०७९/८० मा ४०.४४ प्रतिशत गर्भवतीले शल्यक्रियामार्फत बच्चाको जन्म दिएका हुन् । उक्त आर्थिक वर्ष ११ हजार ८९४ सुत्केरी हुँदा चार हजार ८११ जनाको शल्यक्रिया गरिएको छ। चालु आर्थिक वर्षको चार महिनामा ४४.१२ प्रतिशत गर्भवतीले शल्यक्रियामार्फत बच्चाको जन्म दिएका छन् ।

गत कात्तिकमा तीन हजार ७९८ सुत्केरी भएकामा एक हजार ६७६ को शल्यक्रिया गरिएको अस्पतालका तथ्यांक शाखा प्रमुख नारायण रिजालले जानकारी दिए । उनका अनुसार आव २०७६/७७ मा १२ हजार ६३२ सुत्केरी भएकामा तीन हजार ६३३ को शल्यक्रिया गरिएको छ । यो तथ्यांक २८.७६ प्रतिशत हो । सो वर्ष आठ हजार ७१० जनाको सामान्य तरिकाले शल्यक्रिया गरिएको थियो ।

आव २०७७/७८ मा अघिल्लो आवको तुलनामा छ प्रतिशतले बढेर ३४.९२ प्रतिशत पुग्यो । सो वर्ष नौ हजार ९७० सुत्केरी हुँदा तीन हजार ३९९ को शल्यक्रिया गरिएको थियो । त्यसपछि आव २०७८/७९ मा १२ हजार २२१ सुत्केरी हुँदा चार हजार २०८ जनाको शल्यक्रिया गरिएको जनाइएको छ ।

भरतपुर अस्पताल प्रसूति विभागका प्रमुख सुनिलमणि पोखेलका अनुसार शल्यक्रियाबाट बच्चा जन्माउने महिलाको संख्या बढ्दो छ । भरतपुर अस्पताल रिफरल अस्पताल भएकाले पनि शल्यक्रिया गर्नुपर्ने उनले बताए । 'यहाँ बाहिरी जिल्लाबाट गम्भीर प्रकृतिका घटना आउँछन्,' उनले भने, '५० प्रतिशत त 'रिफरल केस' नै हुन्छन् ।'

उच्च प्रश्रव पीडा र गाह्रो भएपछि अन्य अस्पतालले भरतपुर अस्पताल पठाउने गरेको उनले बताए । उनले सामान्य अवस्थामै बच्चा जन्माउन प्रेरित गर्ने गरेको बताए । सम्पन्न परिवारका महिला प्रश्रव पीडाले कष्ट र पीडा नहोस् भनेर शल्यक्रिया गरेर बच्चा जन्माउन चाहने बढिरहेको उनको भनाइ छ ।

भरतपुर अस्पतालमा गत वर्ष सुत्केरी हुने क्रममा पाँचजनाले ज्यान गुमाएका थिए । बच्चा जन्माउने क्रममा एक र बच्चाको जन्म दिएपछि चारजनाको मृत्यु भएको अस्पतालको तथ्यांकमा उल्लेख छ । यस्तै चालु आवको चार महिनामा २६ शिशुको मृत्यु भएको छ । अघिल्लो आव २०७९/८० मा १०४ शिशुको मृत्यु भएको थियो । सो वर्ष जन्म भएपछि १६ र गर्भावस्थामा ८८ शिशुको मृत्यु भएको अस्पतालको तथ्यांकमा उल्लेख छ । *रासस*

# सुरक्षित गर्भपतन गराउने बढे

**महेन्द्रनगर**– कञ्चनपुरमा पछिल्लो समय सुरक्षितरूपमा गर्भपतन सेवा लिनेको संख्यामा वृद्धि हुँदै गएको छ। तोकिएका सरकारी स्वास्थ्य संस्थामा उक्त सेवा निःशुल्क र गर्भपतन गराउनेको परिचयसमेत गोप्य राखिन थालिएपछि यो सेवा लिनेको संख्यामा वृद्धि हुँदै गएको हो ।

जिल्ला स्वास्थ्य कार्यालय कञ्चनपुरका सूचना अधिकृत खगेन्द्रसिंह कार्कीले गत आर्थिक वर्ष २०७९/८० मा जिल्लामा दुई हजार ५२२ महिलाले यो सेवा लिएको बताए । कञ्चनपुर प्रहरीले पनि केही समययता अवैध गर्भपतनलगायत स्वास्थ्य क्षेत्रमा विनाअनुमति सञ्चालनमा रहेका स्वास्थ्य क्लिनिक बन्द गराउन थालेपछि सरकारी स्वास्थ्य संस्थामा गएर सेवा लिने सेवाग्राहीको संख्यामा वृद्धि भएको हो ।

स्वास्थ्य कार्यालयका अनुसार चालु आवको हालसम्म यहाँ ८९५ जनाले सुरक्षित गर्भपतन सेवा लिएका छन् । 'मासिक २२० जनाभन्दा बढी सेवाग्राही यो सेवा लिन आएको पाइएको छ,' सूचना अधिकृत कार्कीले भने 'कञ्चनपुरमा पनि प्रादेशिक अस्पतालदेखि सरकारी केही स्वास्थ्य संस्थाबाट यो सेवा लिने व्यवस्था गरिएको छ ।'

नेपाल परिवार नियोजन संघ कञ्चनपुरका कार्यालयका प्रमुख उद्धव भट्टले पछिल्लो समय स्वास्थ्य संस्थामा सेवा पुगेसँगै सेवाग्राहीको संख्यामा वृद्धि हुँदै गएको बताए । 'पहिला निश्चित ठाउँ भएकाले परिवार नियोजन संघमा मासिक एक सयभन्दा बढी सेवाग्राही पुग्थे,' उनले भने 'हामीकहाँ औषधि र औजार विधिबाट यो सेवा प्रवाह गरिरहेका छौं ।' उनले मासिक ३५ देखि ४० सेवाग्राही सेवा लिन आउने गरेको बताए । सेवा लिन आउनेमध्ये अधिकांशले औषधि विधि रोज्ने गरेको उनले जानकारी दिए ।

कञ्चनपुरमा परिवार नियोजन संघले सन् २००८ देखि यो सेवा दिँदै आएको कार्यालय प्रमुख भट्टको भनाइ छ । स्वास्थ्य कार्यालयले भने सतप्रतिशत सेवाग्राही अझै सरकारी स्वास्थ्य संस्थामा आइनसकेको जनाएको छ । 'अझै पनि लुकीछिपी अवैधरूपमा मेडिकल र भारतमा गएर पनि गर्भपतन गराउने पनि छन्,' सूचना अधिकृत कार्कीले भने 'अवैध तरिका अपनाउँदा ज्यान जोखिममा पर्न सक्छ ।' *रासस*

# बर्दघाटमा प्रहरी पोस्ट स्थापना

**नवलपरासी (प्रस)**– पश्चिम नवलपरासीको बर्दघाट नगरपालिका-१२ स्थित भटैलियामा अस्थायी प्रहरी पोस्ट स्थापना गरिएको छ ।

उक्त अस्थायी प्रहरी पोस्टमा प्रहरी सहायक निरीक्षकको नेतृत्वमा पाँचजना प्रहरी रहने छन् । अस्थायी प्रहरी पोस्ट नेपाल रेडक्रस सोसाइटीको जग्गामा निर्माण गरिएको हो ।

बर्दघाट नगरपालिकाको चार लाख रूपैयाँ आर्थिक सहयोगमा प्रहरी पोस्ट निर्माण भएको छ । लागुऔषध, तस्करीलगायत अन्य अपराधको 'ट्राञ्जिट पोइन्ट'को रूपमा रहेको सो क्षेत्रको सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै पोस्टको स्थापना गरिएको हो ।

बर्दघाट नगरपालिकाका नगरप्रमुख शम्भुलाल श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्याल एवं प्रहरी प्रमुख प्रहरी उपरीक्षक काजीकुमार आचार्यले शुक्रबार संयुक्तरूपमा प्रहरी पोस्टको उद्घाटन गरे । नगरप्रमुख श्रेष्ठले महेशपुर र भुजहवा नाका हुँदै यहाँबाट तस्करीलगायत अन्य अपराधका घटना बढ्दो गएको उल्लेख गर्दै प्रहरी पोस्ट स्थापनापछि शान्ति सुरक्षा कायम हुनेमा विश्वास व्यक्त गरे ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED AL-BARGHASH AL-MANSOORI AND SONS TRADING AND CONTRACTING COMPANY

पुर्व स्वीकृति मिति २०८०/०८/२७ | LT. No. 296425 | चलानी नं ६०२११५५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Buldozer Operator | 1 | 0 | 3000 | १०६,१०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Agent | 39 | 0 | 1000 | ३५,३६५ | | | | | | | |
| 3 | Driver Heavy Equipment | 10 | 0 | 1800 | ६३,६६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ७ गते (23rd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Janashakti International Services Pvt. Ltd.** श्रम ईजाजत नं. ९९९/०६८/०६९

Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031

Email : info@jisnepal.com, Web: www.janashaktiintl.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNITED KIM SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०५/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२९ | LT. No. 269809 | चलानी नं. ६०१८६०२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 17 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ७ गते (23rd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ever Bright Overseas Pvt.Ltd.** श्रम इजाजत नं. १४६५/०७४/०७५

Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759

Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BILLAS CLEANING AND BUILDING MAINTENANCE LLC OPC

पुर्व स्वीकृति मिति २०८०/०८/२९ | LT. No. 296219 | चलानी नं.६०२११५५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaner | 10 | 0 | 1200 | ४३,३५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Housekeeping Female | 0 | 10 | 1250 | ४५,१५५ | | | | | | | |
| 3 | Housekeeping Supervisor | 0 | 2 | 1500 | ४५,१५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ७ गते (23rd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**

INDIGO OVERSEAS P.LTD.

Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955

Mobile No.9840806449, 9823025516 E-mail : indigo.pukar@gmail.com,

indigo.recp@gmail.com, Website : www.ioplneoal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AYADI HUMAN CAPITAL SOLUTIONS (AYADI)L.L.C.

पूर्व स्वीकृति मिति : २०८०/०५/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०८/२९ | LT. No.292508 | चलानी नं. ६०२०७६७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fabricator | 10 | 0 | 1200 | ४३,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 12 | 0 | 800 | २८,९०० | | | | | | | |
| 3 | Mason | 53 | 0 | 1200 | ४३,३५० | | | | | | | |
| 4 | Welder | 10 | 0 | 1200 | ४३,३५० | | | | | | | |
| 5 | Steel Fixer | 81 | 0 | 1200 | ४३,३५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ७ गते (23rd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.** श्रम इजाजत नं. १०५०/०७३/०७४

Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653

Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com

प्रभाव दैनिक

## रूपशाला

### 'के घर के डेरा : घर नं २' बनाउँदै दीपेन्द्र

गत वर्ष रिलिज भएको फिल्म 'के घर के डेरा'को सिक्वेलको रूपमा 'के घर के डेरा : घर नं २' निर्माण हुने भएको छ । शुक्रवार निर्माण युनिटले एक पोस्टर सार्वजनिक फिल्म घोषणा गरेको हो । फिल्मलाई दीपेन्द्र के.खनालले निर्देशन गर्नेछन् भने 'कर्णाली ब्लुज' पुस्तकका लेखक बुद्धि सागरको लेखन रहेको छ । फिल्म नयाँ वर्षको तिहारमा रिलिज हुनेछ । ए प्लस इन्टरटेन्मेन्ट र नटराज क्रियशनको संयुक्त निर्माणमा बन्न लागेको फिल्म नयाँ वर्षमा छायांकन हुनेछ । निर्देशक खनाल यस अगाडि सर्लाहीस्थित बागमती नगरपालिकाका मेयर भरत थापाको कथामा फिल्म 'मेयर' बनाउँदै छन् । उनको पाइप लाइनमा 'आमा २', 'पशुपति प्रसाद ३' र 'चङ्गा चेट' रहेको छ ।






# १७ वर्षपछि 'सिन्दूर' बन्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'सिन्दूर' नामबाट फेरि टेलिसिरियल निर्माण हुने भएको छ । कलाकार तथा निर्माता प्रज्ञा जोशीले १७ वर्षपछि यसै नामबाट सिरियल बनाउन लागेकी हुन् ।

सिरियलको शुक्रबार भद्रकाली मन्दिरमा शुभमुहूर्त गरिएको छ । निर्देशक समाजका अध्यक्ष जनकदीप पराजुलीले निर्देशन गरेको मूहूर्तमा चलचित्र कलाकार संघका पुर्व अध्यक्ष रविन्द्र खड्काले नरिवल फुटाएका थिए । अभिनेत्री प्रज्ञा जोशीले नै सिरियलको मुर्हत सट दिएकी थिइन् ।



यस अगाडि पनि प्रज्ञाले नै 'सिन्दूर' नामबाट सिरियल बनाएकी थिइन् । जसको निर्देशन योगेश घिमिरेले गरेका थिए । अहिलेको 'सिन्दूर' भने विनय राज पौडेलले निर्देशन गर्न लागेका हुन् । 'अहिलेका पुस्ताको विषयवस्तुमा सिरियल 'सिन्दूर' निर्माण हुने अभिनेत्री प्रज्ञाले बताइन् । उनले पहिले झैँ दर्शकको साग अहिले पनि पाउने विश्वास व्यक्त गरिन् ।

निर्देशक पौडेलले निर्माता प्रज्ञाको आफूप्रति रहको निर्देशिय विश्वास टुट्न नदिने बताए । उनले १२ वर्ष अगाडि 'सिन्दुर' फिल्मबाट सहायक निर्देशक बनेको स्मरण गर्दै अहिले 'सिन्दूर' नामक सिरियल निर्देशन गर्न पाउँदा निकै खुसी रहेको बताए । पौडेलले निर्देशकको जिम्मेवारी दिने प्रज्ञा प्रति आभार व्यक्त गरे ।

प्रज्ञा फिल्मस्को ब्यानरमा निर्माण हुने टेलिसिरियलमा नविन श्रेष्ठ, प्रज्ञा जोशी, लक्ष्मी भुषाल, प्रदीपराज गिरी, अश्मी थापा, दीपेन्द्र सोनाम, स्नेहा पौडेल, पूर्णिमा जिएम, टेकेन्द्र न्यौपाने, पवन केसी लगायत कलाकार अभिनय रहनेछ ।

मदन कश्यप घिमिरेको छायांकन, लय संग्रौलाको गीत रहेको टेलिसिरियलमा सम्राट थापाको संगीत छ । मुहूर्तमा कलाकार रविन्द्र खड्का, निर्देशक जनकदीप पराजुली, घनश्याम लामिछाने, ऋषि लामिछाने, मधुसुदन भट्टराई, सुन्दर श्रेष्ठ, प्रदीप भारद्वाज, चलचित्र पत्रकार संघका अध्यक्ष समिर बलामी, उपाध्यक्ष कुबेर गिरी, महासचिव रघुनाथ सापकोटालगायत थुप्रै व्यक्तिको उपस्थित थियो । सिरियलको लेखक पनि निर्देशक पौडेल हुन् । टेलिसिरियलको छायाँकन अर्कोसाताबाट सुरु हुने निर्देशक पौडेलले बताए ।

# 'परस्त्री' हिन्दीमा एमएक्स प्लेयरमा रिलिज

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली फिल्म 'परस्त्री'को हिन्दी संस्करण ओटीटी प्लाटफर्ममा रिलिज भएको छ । भारतीय ओटीटी प्लाटफर्म एमएक्स प्लेयरमा बिहीवार स्ट्रिमिङ सुरु भएको निर्देशक सुरज पाण्डेले बताए ।

नेपाली हलमा यसैवर्ष रिलिज भएको यो थ्रीलर फिल्मलाई अब संसारभरका दर्शकले इन्टर नेटमा हेर्न सक्ने बताए । शिल्पा मास्के, गौरव विष्ट र कोसिस क्षेत्रीको शीर्ष भूमिका रहेको यो फिल्मको प्राविधिक पक्षको प्रशंसा भएको थियो ।

'नेपाली फिल्म भारतीय ओटीटीबाट रिलिज हुनु बजार विस्तारको हिसाबले निकै राम्रो कुरा हो । अब हामीले प्रदर्शनका माध्यमहरू पहिल्याउनु जरुरी छ' निर्देशक पाण्डेले भने । उक्त ओटीटी प्लाटफर्म भारतमा धेरै हेरिनेमध्ये पर्ने उनले बताए ।

निर्माताले छायांकनको बेलादेखि यसलाई नेपाली र हिन्दी भाषामा निर्माण गरेका थिए । यो फिल्ममा अलिशा क्षेत्री, आशान्त शर्मा, रामबाबु रेग्मी, सरस्वती अधिकारी, झकेन बिसी, अर्पित न्यौपाने लगायतको पनि अभिनय छ । यो फिल्मलाई डीएस डिजिटलले निर्माण गरेको हो ।

फ्राइडे रिलिज

# 'दुई कदम' र 'जम्प' प्रदर्शनमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** दुई नेपाली चलचित्र 'दुई कदम' र 'जम्प' को प्रदर्शन सुरु गरिएको छ । दुई फरक विधामा आधारित चलचित्रले दर्शकको साथ पाउने विश्वास निर्माण पक्षको छ ।

पुराना निर्देशक उदय सुब्बाले निर्देशन गर्नुभएको २३औं चलचित्र 'दुई कदम' पारिवारिक प्रेमकथामा आधारित चलचित्र भनिएको छ । विशेषतः यसै चलचित्रमार्फत अभिनयको सुरुआत (डेब्यु) गरेका अभिनेता इओन लिम्बू र अभिनेत्री सिमोन गिरीकै वरपर कथा केन्द्रित छ ।




'चलचित्रमा दुवै नयाँ कलाकारले राम्रो काम गर्नुभएको छ, आउँदो समय उहाँ दुवैका लागि राम्रो हुनेछ', निर्देशक सुब्बाले भने, 'मैले सामाजिक ड्रामा, प्रेमकथा, हास्यलगायतका सम्पूर्ण कुरा यसमा समेटेको छु, अघिल्ला अनुभवले पनि परिपक्व बनाउँदै अगाडि बढिरहेको छु ।'

चलचित्रमा सुनिल थापा, कविता आले, सुरवीर पण्डित, प्रेम सुब्बा, गौरव पहारी, बुद्धि तामाङ, अर्जुन गुरुङ, विमला लिम्बूलगायतका कलाकारले अभिनय गरेका छन् । चलचित्रमा दयाराम घिमिरेले पटकथा लेखन, विक्रम डिसीले छायाँकन, रामजी लामिछाने र कविराज गहतराजले नृत्य निर्देशन, ताराप्रकाश लिम्बू, आशिष अविरल र विकास चौधरीले सङ्गीत सिर्जना, राजु किरातीले द्वन्द्व निर्देशन गरेका छन् ।

शुक्रबारदेखि नै प्रदर्शन गरिएको चलचित्र 'जम्प' लाई बनिरहेको भन्दा भिन्न भनिएको छ । निर्देशक आशुतोषध्वज कार्कीले मनोवैज्ञानिक विधामा आधारित रहेर चलचित्र तयार गरिएको बताए ।

'नियमितरूपमा आइरहेका भन्दा फरक गरौं भन्ने लगेर नै जम्प तयार भएको हो, यसमा थ्रिल र सस्पेन्स पनि छ', निर्देशक कार्कीले भने, 'सफलताको खोजीमा रहेका एथ्लेटिक्स खेलाडीको जीवनमा आउने उतारचढावमा चलचित्र केन्द्रित छ ।'

यसमा सरोज श्रेष्ठ, बिनिता थापामगर, सन्देश शाक्य, सगुन तामाङ, मन्जिल जिसी, शङ्कर महर्जन, एन्जेलिका खत्री, अरोष्मा रञ्जित, सुदीप भुसाल, इलिस विष्टलगायतका कलाकारले अभिनय गरेका छन् ।

# हरिवंशले ल्याए 'हिँड माया हिँड'

**काठमाडौं (प्रस)–** हास्य कलाकार हरिवंश आचार्यले नयाँ चेलीबेटी बेचबिखनसम्बन्धी गीत 'हिँड माया हिँड' ल्याएका छन् । माइती नेपालको प्रस्तुति रहेको गीतमा हरिवंशकै शब्द, संगीत छ । स्वरमा उनलाई गायिका स्मिता दाहालले साथ दिएकी छिन् ।

'चेलीबेटी बेचबिखनसम्बन्धी समस्या हाम्रो देशको नियतिजस्तै भइसक्यो । पहिले पहिले चेलीबेटीहरूलाई भारतमा लगेर बेचिन्थ्यो, अहिले त्यो खाडी मुलुकसहित अफ्रिका लगायत अन्य मुलुकतिर पनि सरेको छ' हरिवंशले भने 'यो चेलीबेटी बेचबिखनसम्बन्धी जनचेतनामूलक गीत हो ।' मसाज सेन्टर या डान्सबारको काम भनेर लाने तर त्यहाँ पु-याएपछि देह व्यापारमा लगाउने, यातना दिने लगायतका समस्या बढिरहेका छन् । त्यही कथा गीतमा छ ।

साहस शाक्यको एरेन्ज रहेको गीतको भिडियोमा हरिवंशसँगै कलाकारहरू प्रियंका कार्की, कविता न्यौपाने, बालकृष्ण ओली लगायत कलाकारको अभिनय छ । गम्भीर विष्टको निर्देशन रहेको गीतको भिडियोमा कसरी गाउँ-गाउँबाट युवतीहरूलाई ललाई फकाई गरेर विदेश पु-याइन्छ भन्ने कथा देख्न सकिन्छ । पवन सुस्लिङले खिचेको यो गीतको भिडियो सम्पादन प्रवीण भट्टले गरेका हुन् ।



## रंगशाला

# फारवेस्ट पशुपति कपको खेलतालिका सार्वजनिक




**धनगढी (प्रस)–** कैलालीको धनगढीमा सञ्चालन हुने 'छैटौं फारवेस्ट पशुपति कप फुटबल प्रतियोगिता' को खेल तालिका सार्वजनिक गरिएको छ । खेल तालिकासँगै प्रतियोगिताको नयाँ मिति पनि सार्वजनिक गरिएको छ । आयोजकले सार्वजनिक गरेको नयाँ मितिअनुसार प्रतियोगिता पुस ६ गतेदेखि सुरु हुनेछ । यसअघि प्रतियोगिता मङ्सिर २९ गतेदेखि सुरु हुने बताइएको थियो । प्राविधिक कारणले प्रतियोगिताको मिति सारिएको जानकारी आयोजक फारवेस्ट पशुपति युवा क्लबका अध्यक्ष खेम रावतले दिए । प्रतियोगितामा सहभागी १५ टोलीलाई दुई समूहमा विभाजन गरिएको छ ।

प्रतियोगिताको उद्घाटन खेलमा पुस ६ गते स्टार सिटी युवा क्लब र पुनर्वास नगरपालिका खेलकुद विकास समितिबिच हुनेछ । प्रतियोगिताको समूह 'ए' मा स्टार सिटी र पुनर्वास नगरपालिका खेलकुद विकास समितिसँगै टेकबहादुर चोखाल फाउन्डेसन, घोडाघोडी युवा क्लब, बीएस १५ फुटबल एकेडेमी, एपीएफ ७ नम्बर वाहिनी, सीएफसी क्लब कोलकाता र सुदूरपश्चिम-११ स्पोर्टस क्लब रहेका छन् ।

यसैगरी समूह 'बी' मा ईलाइट युवा क्लब, अल स्टार्स एकेडेमी, ब्वाइज युनियन लम्की, नेपाल प्रहरी सुदूरपश्चिम प्रदेश, पुनर्वास युनाइटेड क्लब, ग्रीन सिटी क्लब र आयोजक फारवेस्ट पशुपति युवा क्लब रहेका छन् । प्रतियोगिताको विजेताले पाँच लाख र उपविजेताले दुई लाख रूपैयाँ नगद पुरस्कार पाउने छन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई २५ हजार र विभिन्न विधाका उत्कृष्ट खेलाडीलाई जनही १५ हजार रूपैयाँ पुरस्कार प्रदान गरिने छ ।

प्रत्येक खेलको म्यान अफ दी म्याचले पनि पाँच हजार रूपैयाँ पुरस्कार पाउनेछन् । पुरस्कारको कुल रकम आठ लाख ७० हजार रूपैयाँ रहेको आयोजक फारवेस्ट पशुपति युवा क्लबले जनाएको छ । प्रतियोगिता सञ्चालन गर्न करिब ४९ लाख रूपैयाँ खर्च हुने अनुमान आयोजकले गरेको छ ।

# एनएसएल: ललितपुर र झापा बराबरीमा

**काठमाडौं (प्रस)–** राजधानीमा जारी नेपाल सुपर लिग फुटबल प्रतियोगितामा ललितपुर सिटी एफसीले झापा एफसीसँग गोलरहित बराबरी खेल्दै आफ्नो अपराजित यात्रालाई कायमै राखेको छ ।

दशरथ रङ्गशालामा शुक्रबार भएका खेलमा दुवै टोलीले निर्धारित समयमा गोल गर्न नसकेपछि प्रतियोगिता गोलरहित बराबरीमा टुङ्गिएको हो । आजको खेलसँगै दुवै टोलीले प्रतियोगितामा एक-एक अङ्क बाँडेका छन् । दश अङ्क बटुलेको ललितपुर अङ्कतालिकाको दोस्रो स्थानमा छ । त्यस्तै पाँच खेलमा स्पर्धा गरेको धनगढी ११ अङ्क समेटेर पहिलो स्थानमा छ । यो खेलसँगै ६ खेलमा प्रतिस्पर्धा गरेको झापाले सात अङ्क पाएको छ । एक हार, एक जित र चार बराबरीसँगै झापा अङ्कतालिकाको पाँचौं स्थानमा छ । दशरथ रङ्गशालामा शनिबार दुई खेल हुनेछन् । दिउँसो १ बजे हुने पहिलो खेलमा पोखरा थन्डर्स र वीरगञ्ज युनाइटेडबीच प्रतिस्पर्धा हुनेछ भने अपराह्न ५ बजे हुने दोस्रो खेलमा स्पोर्टिङ इलाम डे मेची एफसी र एफसी चितवनबिच प्रतिस्पर्धा हुनेछ ।

# नेपालको महिला वरीयता खस्कियो

**काठमाडौं (प्रस)–** नेपालको फिफा महिला वरीयता खस्किएको छ । विश्व फुटबलको सर्वोच्च निकाय फिफाले शुक्रबार सार्वजनिक गरेको नयाँ वरीयतामा नेपालको वरीयता घटेको हो ।

नयाँ वरीयतामा नेपाल १०५ औं स्थानमा रहेको छ । अघिल्लो पटकको वरीयतामा नेपाल १०१ औं स्थानमा रहेको थियो । एसियाली राष्ट्रको वरीयतामा भने नेपाल २० औं स्थानमा रहेको छ । यस्तै दक्षिण एसियाली राष्ट्रको वरीयता नेपाल दोस्रो स्थानमा रहेको छ । नेपाल भन्दा अघि रहेको भारत ६५ औं स्थानमा रहेको छ । विश्व वरीयतामा स्पेन शीर्ष स्थानमा उक्लिएको छ ।

एलपिएल क्रिकेट

# धनगढी स्पोर्ट्स क्लब र सत्यवती एकेडेमी फाइनलमा

■ प्रभाव संवाददाता

**धनगढी–** धनगढी स्पोर्ट्स क्लब र सत्यवती एकेडेमी कैलालीको धनगढीमा जारी लिटल फ्लावर प्रिमियर लिगको आठौं संस्करणको उपाधिको लागि प्रतिस्पर्धा गर्ने भएका छन् ।

फाप्ला क्रिकेट मैदानमा शुक्रबार सम्पन्न दुईवटा सेमीफाइनलमा धनगढी स्पोर्ट्स क्लबले घोडाघोडी क्रिकेट एकेडेमीलाई तथा सत्यवती एकेडेमीले युथ अफ टिकापुरलाई सेमीफाइनलमा पराजित गर्दै फाइनलमा स्थान पक्का गऱ्यो । फाइनल खेल शनिबार हुनेछ। शुक्रबार सम्पन्न पहिलो सेमीफाइनलमा धनगढी स्पोर्ट्स क्लबले घोडाघोडी क्रिकेट एकेडेमीलाई ३ विकेटले पराजित गऱ्यो । घोडाघोडीले दिएको ८९ रनको लक्ष्य धनगढी स्पोर्ट्स क्लबले ७ विकेट गुमाएर १६.२ ओभरमा पुरा गऱ्यो ।




धनगढी स्पोर्ट्स क्लबको लागि आयुष्मान बमले सर्वाधिक २५ रन बनाए । प्रनित थापाले २१ तथा सुनिल धमलाले १८ रन बनाए। घोडाघोडीका बलर नरेश सुनार र कृष कार्कीले २/२ विकेट तथा हरिश बस्नेत र भुपेश जोशी १/१ विकेट लिए ।

यसअघि टस जितेर ब्याटिंग गरेको घोडाघोडी क्रिकेट एकेडेमीले १६.१ ओभरमा ८८ रनमा सबै विकेट गुमायो । घोडाघोडीको ब्याटिंगमा नवयुग बस्नेतले सर्वाधिक २५ रन, बिपिन बिक्रम शाहीले १७, दिनेश रावतले १७ तथा संजय बोहराले १२ रन योगदान दिए । धनगढी स्पोर्ट्स क्लबको बलिंगमा अमर सिंह रौटेलाले सर्वाधिक ४ विकेट लिए । प्लेयर अफ द म्याच घोषित रौटेलाले ४ ओभरमा २१ रन खर्चिए। दिपक चन्द ठकुरीले ३ तथा भोज राज भट्ट, भुवन कार्की र विकास आग्रीले १/१ विकेट लिए ।

दोश्रो सेमीफाइनलमा सत्यवती एकेडेमीले युथ अफ टिकापुरलाई ६ विकेटले पराजित गऱ्यो । युथ अफ टिकापुरले दिएको १११ रनको लक्ष्य पछ्याएको सत्यवती एकेडेमीले युथ अफ टिकापुरलाई ६ विकेटले पराजित गऱ्यो ।

सत्यवतीको ब्याटिंगमा ओपनर इमरान शेखले सर्वाधिक ४१ रन बनाए जुन क्रममा उनले ४१ बलमा ३ चौका र ३ छक्का प्रहार गरे । सन्दिप रजालीले २३, सन्दिप क्षेत्रीले २१ तथा सन्तोष कार्कीले १२ रन बनाए । युथ अफ टिकापुरका बलर सोलुप चौधरीले २ तथा गौतम केसी र प्रेम शाहले १/१ विकेट लिए ।

यस अघि टस हारेर ब्याटिंग गरेको युथ अफ टिकापुरले १९.५ ओभरमा सबै विकेट गुमाएर ११० रन बनाएको थियो । टिकापुरको ब्याटिंगमा प्रकाश जैसीले सर्वाधिक ३२ रन, सुमित महर्जनले २० तथा प्रदिप ऐरीले १३ रन बनाउनु बाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

सत्यवती एकेडेमीको बलिंगमा सन्तोष कार्कीले सर्वाधिक ३ विकेट लिए। फिर्दोश अन्सारी र अभिषेक कोइरालाले २/२ विकेट तथा त्रित दास र रंजित कुमारले १/१ विकेट लिए ।

लिटल फ्लावर स्पोर्टस् क्लबको आयोजनामा सुरु भएको प्रतियोगिताको उपाधि विजेताले दुई लाख ५५ हजार र उपविजेताले एक लाख २८ हजार रूपैयाँ पुरस्कार पाउने छन् । प्रतियोगितामा काठमाडौं, रौतहट, दाङ, कैलाली र कञ्चनपुरका गरी १६ वटा टीमको सहभागिता रहेको छ ।


उत्तरी चीनको स्वायत्त क्षेत्र मंगोलियाको हिङगान लिगस्थित अर्ख्यानमा रहेको गाउँमा हिउँ खेलेर आनन्द लिँदै आगन्तुकहरू । *तस्बिर: सिन्हुवा*

# संसद् सुरक्षा उल्लंघन : थप दुई पक्राउ

**नयाँदिल्ली–** दिल्ली प्रहरीको स्पेसल सेलले संसद् सुरक्षा उल्लंघन मामिलाको अनुसन्धान गरिरहेको छ । उक्त मामिलामा पक्राउ परेका पाँच जनासँग उनीहरूको शंकास्पद सम्बन्धका आधारमा थप दुई जनालाई सेलले पक्राउ गरेको छ ।

पक्राउ परेका महेश र कैलाश दुवै राजस्थान निवासी हुन् । उनीहरूको 'जस्टिस फर आजाद भगत सिंह' नामक सामाजिक सञ्जाल समूहसँग कथित सम्बन्ध रहेको बताइएको छ । स्पेसल सेलको काउन्टर इन्टेलिजेन्स युनिटको सोधपुछमा महेश पनि आक्रमणकारी टोलीमा समावेश हुन लागेको तर केही कारणले उनको परिवारका सदस्यले रोकेको सार्वजनिक भएको छ ।

यसका साथै महेशले पाँचौं अभियुक्त तथा मास्टरमाइन्ड ललित झालाई दिल्लीबाट राजस्थानको कुचामन पुगेपछि उनका साथीहरूको मोबाइल फोन जलाउन पनि सहयोग गरेका छन् । अर्कातिर हिजो राति दुई प्रहरी अधिकारीसहित वरिष्ठ प्रहरी अधिकारीहरूले ललित झासँग सोधपुछ गर्दा उनले सम्पूर्ण घटना बताएका छन् ।

सूत्रका अनुसार हमलाको तयारी धेरै महिनाअघि भइरहेको खुलासा भएको छ । संसद्मा प्रवेशका लागि प्रवेश पास आवश्यक थियो, त्यसैले यो उपलब्ध थिएन । ललितले सजिलै संसद्मा प्रवेश गर्न कसले पासको व्यवस्था गर्न सक्छ भनेर सबैलाई सोधेका थिए ।

ललितले राजस्थानको होटलबाट लगातार समाचार च्यानलहरूमार्फत जारी घटनाक्रम र प्रहरीको गतिविधिमाथि नजर राखिरहेका थिए । सूत्रका अनुसार लखनऊ, मैसुर, कर्नाटक, राजस्थान, महाराष्ट्र र हरियाणामा अभियुक्तहरूसँग सम्बन्धित स्थानमा जान र थप जानकारी प्राप्त गर्नका लागि दिल्ली प्रहरीको स्पेसल सेलले छ वटा टिम बनाएको छ ।

त्यसबाहेक स्पेसल सेलसँग अभियुक्तहरूलाई सात दिनको हिरासतमा राखेकाले उनीहरूलाई क्रस-भेरिफिकेसन र प्रमाणहरू पहिचान गर्नका लागि अलग अलग स्थानमा लगिने छ । संसद्मा जुत्ताको जाँच गरिँदैन भन्ने थाहा पाएर जुत्ताभित्र धुवाँको डिब्बा सजिलै लैजान सकिन्छ भनी लखनऊमा दुई जोडी जुत्ता विशेष अर्डरमा बनाइएको पनि खुलासा भएको छ ।

यसैबीच सूत्रका अनुसार दिल्ली प्रहरीको स्पेसल सेलले शनिबार वा आइतबार अभियुक्तहरूलाई संसद् परिसरमा पुनः लगेर बुधबार भएको संसद् सुरक्षा उल्लंघनको दृश्यलाई फेरि बनाउने छ । अपराध दृश्यको पुनः निर्माण गर्नका लागि अभियुक्तहरूलाई संसद्मा लगिने छ । यसबाट अभियुक्तहरूले रंगीन स्प्रे लिएर संसद्मा कसरी प्रवेश गरेर उनीहरूले आफ्नो योजनालाई कसरी सफल पारे भन्ने पत्ता लगाउन प्रहरीलाई सहयोग पुग्ने छ । *रासस/एएनआई*

# युक्रेनका लागि इयूको ५० अर्ब युरो सहायता रोकियो

**ब्रसेल्स–** हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बानले शुक्रबार युक्रेनका लागि युरोपेली युनियन (इयू)को ५० अर्ब युरो सहयोगलाई रोकेका छन् । यद्यपि नेताहरू उनको विरोधलाई किनारा लगाउँदै किएभलाई इयू गठबन्धनमा समावेश गर्ने सम्बन्धमा छलफल सुरु गर्न सहमत भएका छन् ।

हंगेरीका अधिनायकवादी नेता ओर्बानले आगामी चार वर्षमा युक्रेन सरकारलाई वित्तीय सहयोग गर्न अस्वीकार गरेपछि ब्रसेल्समा संकटपूर्ण शिखर सम्मेलन एक दिनको झगडापछि भंग भयो । ओर्बानले सामाजिक सञ्जालमा लेखेका छन्, 'नाइटसिफ्टको सारांशः युक्रेनलाई अतिरिक्त पैसाका लागि भिटो ।'

इयूका अन्य २६ नेता किएभलाई अत्यन्त आवश्यक समर्थनमा सम्झौतालाई अगाडि बढाउने प्रयास गर्न आगामी वर्षको सुरुमा नयाँ बैठकमा बहसमा फर्कन सहमत भएका छन् । '२६ देशसँग हामी सहमत छौं, अहिले हंगेरीबाट कुनै सम्झौता भएको छैन तर म आगामी वर्षका लागि धेरै विश्वस्त छु,' डच प्रधानमन्त्री मार्क रुटेले भने ।

सदस्यता वार्ता सुरु गर्नका लागि सहमत हुने इयूको प्रतीकात्मक कदमलाई लिएर खुसियाली मनाएको बेला वित्तीय सहयोगका लागि इयूमा रुसको सबैभन्दा असल मित्र तथा हंगेरीका राष्ट्रवादी नेता ओर्बानको अवरोधले किएभ र उसका समर्थकहरूलाई चोट पुऱ्याएको छ । अमेरिकाको सहयोगमाथि आशंका बढिरहेको बेला किएभले तत्काल उसका पश्चिमी सहयोगीहरूबाट सहयोग कम हुँदै गएको बताएको छ ।

ओर्बनले पनि छलफल सुरु गर्न विरोध गरेका थिए तर इयूका अन्य नेताहरूलाई आफूविना सर्वसम्मतिले निर्णय लिन अनुमति दिन वार्ता कक्षबाट बाहिर निस्किन उनी सहमत भएका थिए । सामाजिक सञ्जालमा पोस्ट गरिएको भिडियोमा अनुभवी नेताले 'पूर्णरूपमा मूर्खतापूर्ण, तर्कहीन र गलत निर्णय' को भर्त्सना गर्दै 'अन्य २६ देशले उक्त निर्णय लिन आग्रह गरेको' गुनासो गरे ।

एउटा महत्त्वपूर्ण क्षणका रूपमा माल्दोभासँग सम्मिलित वार्ता सुरु गर्न सहमति समावेश भएको कदमको अन्य युरोपेली नेताहरूले स्वागत गरेका छन् । इस्टोनियाका प्रधानमन्त्री काजा कालासले लेखेका छन्, 'ऐतिहासिक दिन ! सबै अवरोधविरुद्ध हामीले निर्णय हासिल गऱ्यौं ।'

अत्यन्त सन्तुलित शिखर सम्मेलनमा सहभागी नभएका युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले उक्त निर्णयप्रति भने, 'उत्प्रेरित, प्रेरणा र मजबुत बनाउने विजय ।' माल्दोभाका राष्ट्रपति माइया सान्डुले भने, 'मेरो देशले इयूमा सम्मिलित वार्ताका लागि अगाडि बढेसँगै आज नयाँ पृष्ठ बदलेको छ, माल्दोभा चुनौतीको सामना गर्न तयार छ ।'

युक्रेनको समर्थनमा अमेरिकी रिपब्लिकनहरूको विरोधको सामना गरिरहेको ह्वाइट हाउसले 'ऐतिहासिक निर्णय' को स्वागत गरेको छ । किएभसँग सदस्यता वार्ता सुरु गर्ने सम्झौताको अर्थ युक्रेन चाँडै इयूमा सामेल हुने छ भन्ने होइन । हंगेरीका प्रधानमन्त्री ओर्बानलाई प्रक्रियालाई पुनः रोक्ने पर्याप्त अवसर दिँदै वार्ता सुरु गर्नुअघि इयू राष्ट्रहरू वार्ता ढाँचामा सहमत हुनुपर्ने छ ।

धेरैजसो इयूका नेताहरूले यो साता शिखर सम्मेलनबाट रुसले युक्रेनमाथि चौतर्फी आक्रमण सुरु गरेको २२ महिनापछि युक्रेनलाई ऐक्यबद्धताको संकेत दिन चाहन्थे तर यसका लागि कुनै पनि निर्णय सर्वसम्मत हुनुपर्छ वा कम्तीमा पनि निर्विरोध हुनुपर्छ । ओर्बानले सुरुमै वित्तीय कोषमाथि निर्णय गर्नका लागि युरोपेली निर्वाचनहरूसम्म प्रतीक्षा गर्न सकिनेमा जोड दिए ।

आलोचकहरूले हंगेरीका नेतामाथि कानुनी विवादका कारण रोक्का गरिएको इयू कोषको अर्बौं युरो जारी गर्न ब्रसेल्सलाई दबाब दिनका लागि किएभको अस्तित्वलाई बन्धक बनाएको आरोप लगाएका छन् । यसलाई केही मानिसले अन्तिम समयमा अनुदानका रूपमा हेरेका छन् । युरोपेली आयोग र इयूका कार्यकारीले बुधबार उक्त नगदको १० अर्ब युरो खोल्न सहमति व्यक्त गरेका छन् । अरु २१ अर्ब युरो अहिले पनि ओर्बानको नियन्त्रणबाहिर छ तर उनले हंगेरीले नगद र उसको युक्रेनप्रतिको अडानबीच सम्बन्ध बनाएको कुरालाई अस्वीकार गरे । उनले भने, 'यो हाम्रो शैली होइन ।' *रासस/एएफपी*

# 'अनुचित' राज्य-सञ्चालित नीतिबाट हट्न चीनसँग आग्रह

**वासिङ्टन–** अमेरिकी वित्तमन्त्री जेनेट येलेनले बिहीबार चीनसँग आर्थिक नीतिमा राज्य-सञ्चालित दृष्टिकोण हटाउन आग्रह गरेका छन् । उनले उक्त मोडेलले लगानीकर्ताहरूलाई हतोत्साहित गर्नसक्ने बताए ।

वासिङ्टनमा युएस-चीन बिजनेस काउन्सिलको ५० औं वार्षिकोत्सवको रात्रिभोजमा उनले भने, 'सरकारी स्वामित्वका उद्यमहरूका लागि अत्यन्त मजबुत भूमिकाले वृद्धिलाई रोक्न सक्छ र सुरक्षा संयन्त्रका लागि अत्यधिक भूमिकाले लगानीलाई निरुत्साहित गर्न सक्छ ।'

बौद्धिक सम्पत्तिका लागि सीमित सुरक्षा र घरेलु प्रतिस्पर्धीहरूलाई प्राथमिकता दिइएको भन्दै अमेरिकी कम्पनीहरूले चीनमा अनुचित व्यापारिक वातावरण रहेको लामो समयदेखि गुनासो गर्दै आएका छन् । यस वर्ष चीनमा काम गरिरहेका परामर्श फर्महरूमाथिको कारबाही र जासुसी विरोधी कानुनमा परिवर्तनले बेइजिङलाई राष्ट्रिय सुरक्षाका लागि खतरा भएको ठानेर कारबाही गर्न पहिलाभन्दा पनि धेरै शक्ति दिने डर बढेको छ ।

हालै युएस-चीन बिजनेस काउन्सिल सदस्य सर्वेक्षणलाई उद्धृत गर्दै वित्तमन्त्री येलेनले कम्पनीहरूले लगानी योजनामा पुनर्विचार गरिरहेकाले यो बेइजिङका लागि चासोको विषय हुनुपर्ने बताए ।

सन् २०१६ पछि कुनै पनि वर्षको तुलनामा सन् २०२३ को सर्वेक्षणमा कम्पनीहरूले ठूलो अनुपातमा केही परिचालनलाई चीनबाट बाहिर सार्ने योजनाको संकेत दिएका छन् । येलेनले कम्पनीहरूको योजनाले चीनमा संरचनात्मक सुधारहरूलाई अगाडि बढाउने सम्भावित लाभहरूतर्फ संकेत गरेको बताए । *रासस/एएफपी*


## रोमानियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : PRIMA EMPLOYMENT SRL**

पूर्व स्वीकृति मिति २०७९/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०८/२९ | LT No :276936 | चलानी नं. ६०१९२४५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव US$ | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | 0 | 650 | ८५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook Helper | 10 | 0 | 550 | ७२,०९० | | | | | | | |
| 3 | Factory Worker | 10 | 0 | 550 | ७२,०९० | | | | | | | |
| 4 | Construction Worker | 10 | 0 | 650 | ८५,०६५ | | | | | | | |
| 5 | General Worker | 60 | 20 | 550 | ७२,०९० | | | | | | | |

**कम्पनी : SAISH INTERNATIONAL SRL**

पूर्व स्वीकृति मिति २०७९/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०८/२९ | LT No :276934 | चलानी नं. ६०१९२४४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव US$ | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 650 | ८५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook | 10 | 0 | 650 | ८५,०६५ | | | | | | | |
| 3 | Cook Helper | 10 | 0 | 550 | ७२,०९० | | | | | | | |
| 4 | Construction Worker | 10 | 0 | 650 | ८५,०६५ | | | | | | | |
| 5 | Baker | 10 | 0 | 600 | ७८,६४५ | | | | | | | |
| 6 | General Worker | 50 | 20 | 550 | ७२,०९० | | | | | | | |

**कम्पनी : UNITED RECRUITMENT SRL**

पूर्व स्वीकृति मिति: २०७९/०३/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०८/२९ | LT No: 267204 | चलानी नं. ६०१८३२३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव US$ | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner / Housemaid | 0 | 10 | 550 | ७२,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Worker | 25 | 0 | 600 | ७८,६४५ | | | | | | | |
| 3 | Cook | 10 | 0 | 650 | ८५,०६५ | | | | | | | |
| 4 | Cook helper | 15 | 0 | 550 | ७२,०९० | | | | | | | |
| 5 | General Worker | 40 | 10 | 550 | ७२,०९० | | | | | | | |
| 6 | Waiter(Male) | 10 | 0 | 550 | ७२,०९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ७ गते (23rd Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५०० कामदार आफैले **सेवा शुल्कः** ७०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८५/०५९/०६०

**B.M. Overseas Pvt. Ltd.**

Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1- 4780292
E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com



## बहराईनमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : STELLA LUGENTI LADIES BEAUTY SALON COMPANY**

पूर्व स्वीकृति मितिः २०८०/०८/२९ | LT. No. 296320 | चलानी नं. ६०२११५६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE/PEDICURE | 0 | 5 | 150 | ५२,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी : HAREM AL SULTAN BEAUTY SALON**

पूर्व स्वीकृति मितिः २०८०/०८/२५ | LT. No. 295853 | चलानी नं. ६०२११५४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 5 | 150 | ५२,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ७ गते (23rd Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1165/073/074

**Chinari Overseas Pvt. Ltd.**

P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal
Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922
E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com



## युएइमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : TAMAYAZ EMPLOYMENT SERVICES LLC**

पूर्व स्वीकृति मिति : २०८०/०५/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०८/२९ | LT. No. 292436 | चलानी नं. ६०२०७६२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steel Fixer | 100 | 0 | 1200 | ४३,१७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Stone Mason | 100 | 0 | 1200 | ४३,१७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ७ गते (23rd Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रोजगारदाता आफैले **सेवा शुल्कः निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Advance Recruitment Service Pvt. Ltd.** श्रम ईजाजत नं. ४४४/०६०/०६१

Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ११९१०० | प्रति तोला – ११८५५० | प्रति तोला – १४७० |

## मूल्य निर्धारणप्रति उखु किसान असहमत

■ प्रभाव संवाददाता

**सर्लाही–** सर्लाहीका उखु उत्पादक किसानले सरकारले निर्धारण गरेको उखुको मूल्यप्रति असहमति जनाएका छन् । उनीहरूले सरकारले निर्धारण गरेको मूल्य बढाउन माग गर्दै प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएका छन् ।

नेपाल उखु उत्पादक किसान महासंघ, उखु उत्पादक किसान हकहित संरक्षण समिति र मिलगेड उखु उत्पादक किसान समितिले चालु यामका लागि सरकारले निर्धारण गरेको उखुको मूल्यप्रति असहमति जनाउँदै प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलालाई ज्ञापनपत्र बुझाएका हुन् । सरकारले गत वर्षभन्दा उखुको मूल्य प्रतिक्विन्टल रु २५ बढाएको छ । हाल उखुको मूल्य प्रतिक्विन्टल रु पाँच सय ६५ निर्धारण गरिएको छ ।

चालु यामका लागि उखुको मूल्य प्रतिक्विन्टल रु सात सय ५० कायम गर्नुपर्ने माग राख्दै प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाइएको नेपाल उखु उत्पादक किसान महासंघका अध्यक्ष कपिलमुनि मैनालीले जानकारी दिए । उखुको मूल्य नबढाएसम्म उद्योग सञ्चालन नगर्ने उनको भनाइ छ ।

मिलगेड उखु उत्पादक किसान समितिका अध्यक्ष राजकुमार उप्रेती सरकारले उखुको मूल्य निर्धारण गर्दा चिनीको बढेको मूल्य, उखु उत्पादनमा लाग्ने हालको लागत, उखुको सहउत्पादनसमेतको आधारमा गरि नुपर्ने बताउँछन् । बजारमा चिनीको माग बढेको समयमा मूल्य बढाउने र उखु क्रसिङ गर्ने समयमा मूल्य घटाएर उखु उत्पादक किसानलाई कम पैसा दिने उद्योगीको नीतिले उखु उत्पादक किसान मारमा परेका उनको भनाइ छ ।

प्रमुख जिल्ला अधिकारीलाई बुझाइएको ज्ञापनपत्रमा गत वर्षको अनुदानबापतको रकम यथाशीघ्र भुक्तानी गरिदिन माग गरिएको छ । गत वर्ष बेचेको उखुको अनुदानबापतको रकम अझैसम्म उखु उत्पादक किसानले पाएका छैनन् । तर जिल्लाका चिनी मिलले चालु यामको उखु क्रसिङको काम सुरु गरिसकेका छन् । यसप्रति किसानले आपत्ती जनाएका छन् । उचित मूल्य निर्धारण नभएसम्म चिनी उद्योग सञ्चालन गर्न नदिने किसानको भनाइ छ ।

## 'बिमा सर्भेयरको भूमिका महत्त्वपूर्ण'

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा प्रकाशशरण महतले बिमा सर्भेयरको भूमिका महत्वपूर्ण रहेको बताएका छन् । बिमा सर्भेयर संघ नेपालले शुक्रबार आयोजना गरेको कार्यक्रममा उनले जोखिम न्यूनीकरण गर्नका लागि यसको आवश्यकता अर्थपूर्ण रहेको बताएका हुन् ।

'सुरुआत धेरै अगाडिदेखि भए पनि नेपालका लागि बिमा आम विषय बनिसकेको छैन । जोखिम न्यूनीकरणका लागि यसको आवश्यकता छ भन्ने धारणा अझै विकसित भइसकेको छैन', डा महतले भने, 'मलाई समस्या आउँदैन, किन बिमामा सहभागी हुने भन्ने धारणा अधिकांशमा छ ।' अहिले मानिसमा बिमा गर्नुका फाइदाका बारेमा जानकारी दिँदै बिमा सचेतना जगाउनु आवश्यकता रहेको उनको भनाइ थियो ।

मन्त्री डा. महतले भने, 'जीवन होस् वा निर्जिवन जोखिममा पर्‍यो भने झमेला हुँदैन । यो विश्वास दिलाउनुपर्छ ।' जीवनमा हरेकलाई समस्या आई पर्नसक्ने भएकाले अहिले केही योगदान दिएर भोलि आइ पर्नसक्ने ठूलो जोखिमको निवारण बिमाबाट हुन्छ भन्ने सचेतना जगाउनुपर्ने उनले बताए ।

'जसले बिमा गरिसकेको छ, आपत पर्दा बिमा कम्पनीहरूले बिमाबापतको रकम दिन आनाकानी गर्नु हुँदैन । यसले गर्दा सम्भावित बिमितमा सकारात्मक सन्देश जान्छ र उनीहरू पनि बिमा गर्न तयार हुन्छन्', मन्त्री डा. महतले भने ।

बिमामा जोडिएका सबै र नियमक निकाय तथा प्राधिकरणले बिमा विस्तारमा भएका अवरोध हटाउँदै काम गर्ने तरिकामा परिवर्तन गर्नुपर्नेमा उनले जोड दिए । यस सन्दर्भमा देखिएका विद्यमान समस्या पहिचान गरी समाधानका उपाय खोज्नुपर्ने मन्त्री डा. महतको भनाइ थियो । उनले बिमा कम्पनीले व्यवसायिकतालाई मध्यनजर गर्दै काम गर्नुपर्ने बताए ।

'बिमा कम्पनीले रकम लिने बेला विज्ञापन गर्ने, स्रोत जम्मा गर्ने र दिनुपर्यो भने अनेकौं झमेला र बहाना झिक्ने गरेको सुन्निछ । यस्तो अस्थामा बिमा सर्भेयरको भूमिका महत्त्वपूर्ण हुन्छ ।

बिमा कम्पनी र बिमित व्यक्तिको बीचमा बसेर सर्भेयरले काम गरिदियो भने प्रभावकारी हुन्छ', मन्त्री डा महतले भने, 'बिमा सर्भेयरले कुनै प्रभावमा नपरी जे यथार्थ हो, त्यो राखेर समस्या समाधान गर्नुपर्छ । यसरी काम गर्न सकियो भने बिमालाई नयाँ उचाइमा पुर्‍याउन सर्भेयरको भूमिका अर्थपूर्ण मानिन्छ ।'

## कर्पोरेट

## ग्लोबल आइएमईको १७औं वार्षिक साधारणसभा सम्पन्न




**काठमाडौं (प्रस)** – ग्लोबल आइएमई बैंक लिमिटेडको १७औं वार्षिक साधारणसभा बिहीबार काठमाडौंमा सम्पन्न भएको छ । साधारणसभाले आर्थिक वर्ष २०७९/०८० को कूल मुनाफाबाट बैंकले आफ्ना शेयर धनीहरूलाई प्रस्ताव गरेको ८ प्रतिशत नगद लाभांश र १ प्रतिशत बोनश शेयर गरी जम्मा ९ प्रतिशत लाभांश दिने प्रस्तावलाई पारित गरेको छ । साधारणसभाले सञ्चालक समितिको तर्फबाट बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन तथा एकीकृत वित्तीय विवरण पारित गर्नुका साथै आर्थिक वर्ष २०७९/८० को कुल मुनाफाबाट बैंकले आफ्ना शेयर धनीहरूलाई प्रस्ताव गरेको बोनश शेयर तथा नगद लाभांश दिने प्रस्तावलाई पारित गरेको छ ।

बैंकले आर्थिक वर्ष २०७९/८० मा सञ्चालन मुनाफा १२ अर्ब ६९ करोड रूपैयाँ र कर पछिको मुनाफा ६ अर्ब ६९ करोड रूपैयाँ आर्जन गरेको थियो । प्रस्तावित बोनश शेयर वितरण पश्चात बैंकको चुक्ता पुँजी ३६ अर्ब १२ करोड रूपैयाँ ८७ लाख पुग्नेछ ।

साधारणसभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै बैंकका अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंक नेपाल सरकार एवं नेपाल राष्ट्र बैंकद्वारा घोषित नीतिहरूको परिपालना गर्दै आफ्ना शेयरधनीहरूलाई उचित लाभांश प्रदान गर्न कटिबद्ध रहेको बताए । उनले बैंकले आगामि दिनमा आफ्नो व्यावसायिक रणनीतिक योजना अनुरूप व्यवसाय विस्तारका अन्य क्षेत्रमा समेत सन्तुलित वृद्धि गर्दै जाने बताए । यसैगरी, उक्त साधारणसभाले संस्थापक शेयरधनी समूहबाट ३ जना र सर्वसाधारण शेयरधनी समूहबाट ३ जना समेत जम्मा ६ जना संचालकको निर्वाचन गरेको छ । संस्थापक शेयरधनीहरूमध्येबाट चन्द्रप्रसाद ढकाल, रामबहादुर भण्डारी र राधेश पन्त निर्वाचित भएका छन् भने सर्वसाधारण शेयरधनीतर्फबाट नारायणप्रसाद पौडेल, मदनलाल जोशी र कृष्णप्रसाद शर्मा निर्वाचित भएका छन् । सबै सञ्चालक समिति सदस्यहरू निर्विरोध निर्वाचित भएका हुन् ।

## कुमारी बैंकले घटायो कर्जाको प्रिमियम दर

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेडले आफ्ना ऋणीहरूको सेवा-सुविधालाई मध्यनजर गर्दै कर्जाको प्रिमियमदर घटाउने निर्णय गरेको छ । आउँदो जनवरी १, २०२४ देखि लागू हुने गरी कर्जाको प्रिमियमदरलाई अधिकतम ३।५ प्रतिशत रहने गरी लागू गर्ने बैंकले जनाएको छ । यो नयाँ दरफोन लोन र क्रेडिट कार्ड बाहेक यस बैंकबाट प्रवाह भएका अन्य सबै प्रकारका कर्जाहरू उपभोग गर्ने नयाँ तथा पुराना सबै ग्राहकहरूमा लागू हुनेपनि बैंकले जनाएको छ । कुमारी बैंकले ग्राहकहरूको आर्थिक गतिविधि थप चलायमान होस् भन्ने उद्देश्यका साथ प्रिमियम दर घटाउने निर्णय गरेको हो । कुमारी बैंकले आफ्ना ग्राहकहरूका गतिशील आवश्यकताहरू र निरन्तर परिवर्तन हुने वित्तीय परिदृश्यलाई पूरा गर्न समयानुकुल विभिन्न योजनाहरू प्रवर्धन गर्ने गरेको छ । बैंकिङ्ग सेवामा उत्कृष्टताको आफ्नो परम्परालाई निरन्तरता दिँदै आफ्ना ग्राहक तथा समुदायको समृद्धिमा योगदान पुर्‍याउन बैंक सदैब तत्पर छ ।

बैंकले देशभरका ३०९ शाखा-सञ्जाल, ३२० एटिएम, ६५ शाखारहित बैंकिङ्गइकाई तथा ४९ एक्स्टेन्सन काउन्टर मार्फत अत्याधुनिक वित्तिय सेवा सुविधा दिँदै आएको कुमारी बैंकले आगामी दिनमा पनि अझ प्रभावकारी तथा ग्राहकमुखी सेवा विस्तार गर्दै जाने प्रतिबद्धता जनाएको छ ।

## टिभिएस आईक्युब एक्सचेन्ज एक्ट्राभगान्जा सुरू




**काठमाडौं (प्रस)** – टिभिएसको लागि नेपालको आधिकारिक वितरक जगदम्बा मोटर्सले आजबाट ललितपुरको भनीमन्डलस्थित बास्केटबल कोर्टमा टिभिएस आईक्युब एक्सचेन्ज एक्ट्राभगान्जा सञ्चालन गर्दैछ । यस एक्सचेन्ज एक्ट्राभगान्जामा ग्राहकहरूले कुनै पनि बाइक अथवा स्कुटरसँग आईक्युब एक्सचेन्ज गर्दा रु.२५,००० सम्मको थप भ्यालुएसन पाउन सक्नुका साथै ० प्रतिशत ब्याजमा टिभिएस आईक्युब खरिद पनि गर्न सक्ने कम्पनीले जनाएको छ । त्यसैगरि जम्मा रु.१,०७,००० को डाउन पेमेन्टमा नै टिभिएस आईक्युब खरिद गर्न सकिने पनि कम्पनीले जानकारी दिएको छ । साथै यस एक्सचेन्ज क्याम्पमा ग्राहकहरूले फ्रि एक्सेसोरिज र फ्रि राइडको मजा पनि लिन सकिने पनि कम्पनीले जनाएको छ ।

टिभिएसले नेपालमा आफ्नो पहिलो इलेक्ट्रिक स्कुटर आईक्युब नाडा अटो शोमा लन्च गरेको थियो । यो एक्सचेन्ज एक्ट्राभगान्जा मङ्सिर २८ गते देखि पुस २ सम्म हुनेछ ।

## ज्योति विकास बैंकद्वारा जर्बुटा र खड्ग भञ्ज्याङ स्वास्थ्य चौकीलाई बेबी वार्मर प्रदान

**काठमाडौं (प्रस)–** ज्योति विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्व प्रयोजनार्थ स्थापना गरेको 'हाम्रो विकास प्रवर्द्धन कोष'मार्फत सुर्खेतस्थित जर्बुटा स्वास्थ्य चौकी र नुवाकोटस्थित खड्गभञ्ज्याङ स्वास्थ्य चौकीलाई राष्ट्रिय आविष्कार केन्द्रद्वारा स्वदेशमै निर्मित बेबीवार्मर (न्यानोनानी) प्रदान गरेको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत कपिल ढकालको उपस्थितिमा कार्यक्रम आयोजना गरि बेबी वार्मर हस्तान्तरण गरिएको हो ।



नवजात शिशु र विशेष गरी निरन्तर नर्सिङ सहयोग आवश्यक पर्ने गम्भीर रूपमा विरामी शिशु तथा चिसो वातावरणमा उपचार भइरहेका शिशुलाई अल्पतापबाट जोगाउन प्रयोग हुने उक्त बेबी वार्मर मेशिनहरू बैंकको सुर्खेत शाखा ररातमाटे शाखा कार्यालयको पहलमा प्रदान गरिएको हो । स्वास्थ्य चौकी जर्बुटामा आयोजित कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत कपिल ढकालले स्वास्थ्य चौकीका हेल्थ असिष्टेन्ट अमर सुनार र वीरेन्द्रनगर नगरपालिका वडा नं. १३ सुर्खेतका वडा अध्यक्ष दिपेन्द्र राज कोइरालालाई सो बेबी वार्मर औपचारिक रूपमा हस्तान्तरण गरेका हुन् । खड्गभञ्ज्याङ स्वास्थ्य चौकीमा आयोजित कार्यक्रममा ज्योति विकास बैंकका विभिन्न पदाधिकारीहरूबाट स्वास्थ्य चौकीका पदाधिकारीहरू लगायत सम्बन्धित क्षेत्रका विभिन्न पदाधिकारीहरूको उपस्थितिका बिच सो बेबी वार्मर औपचारिक रूपमा हस्तान्तरण गरिएको हो । साथै,सोहि कार्यक्रमका बीच अस्पतालका डाक्टर, नर्स लगायत सम्बन्धित कर्मचारीहरूलाई आविष्कार केन्द्रका स्वास्थ्य इन्जिनियर मार्फत बेबी वार्मर संचालन सम्बन्धि विशेष तालिम पनि प्रदान गराईएको थियो । नवजात शिशुको शारिरिक तापक्रम उचित राख्न प्रयोग हुने उक्त मेशिनबाट नुवाकोट जिल्लाको बिदुर नगरपालिका वडा नं. ३ स्थित खड्गभञ्ज्याङ स्वास्थ्य चौकी र सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका वडा नं. १३ स्थित जर्बुटास्वास्थ्य चौकीमा प्रसुति सेवा लिन आउने सेवाग्राही प्रत्यक्ष्य रूपमा लाभान्वित हुनेछन् ।

## पेट्रोल, डिजल र मट्टितेलको मूल्य घट्यो

**काठमाडौं (प्रस)–** नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगमले आज (शनिबार) बिहानदेखि लागू हुनेगरी पेट्रोल, डिजेल तथा मट्टितेलमा प्रतिलिटर तीन रूपैयाँ घटाएको हो ।

निगम सञ्चालक समितिको शुक्रबारको बैठकले पहिलो, दोस्रो र तेस्रो वर्गका लागि पेट्रोल प्रतिलिटर क्रमशः १६४ रूपैयाँ ५० पैसा, १६६ र १६७ रूपैयाँ तोकेको छ । डिजेल तथा मट्टितेल पहिलो, दोस्रो र तेस्रो वर्गका लागि प्रतिलिटर क्रमशः १५४ रूपैयाँ ५० पैसा, १५६ र १५७ रूपैयाँ कायम गरिएको छ ।

पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज, दोस्रो वर्ग सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दिपायलस्थित डिपो रहेका छन् ।

इन्डियन आयल कर्पोरेसन (आइओसी)बाट शुक्रबार प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोल तथा डिजेलको खरिद मूल्यमा क्रमशः प्रतिलिटर तीन रूपैयाँ सात पैसा र तीन रूपैयाँ १६ पैसाले घटेर आएपछि नेपाली बजारमा मूल्य घटाइएको निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिए ।

## पर्यटकको गन्तव्य बन्दै जखेरा ताल



**देउखुरी–** देउखुरी उपत्यकाको मध्य-उत्तरी भागमा अवस्थित जखेरा ताल लुम्बिनी प्रदेशमात्रै नभई छिमेकी प्रदेशबाट घुम्न आउने आन्तरिक पर्यटकबीच लोकप्रिय गन्तव्यका रूपमा रहेको छ । यो ताललाई दाङको एक प्रमुख पर्यटकीयस्थलको रूपमा लिइन्छ । यस तालभित्र र बाहिर गरी जम्मा चार मन्दिर निर्माण गरिएका छन् । घुम्न आउने पर्यटकलाई वनभोज गर्ने रमाइलो स्थलका रूपमा यो ठाउँ परिचित रहेको छ । यस ताल क्षेत्रमा प्रायः वर्षैभरि नै चहलपहल रहने गर्छ भने यस ठाउँमा दसैं र तिहार सकेपछिका मङ्सिर र पुससम्म विशेष भीडभाड हुने गर्दछ ।

लमही नगरपालिका-३ जखेरामा रहेको यस तालमा हिजोआज पर्यटकको घुइँचो लाग्ने गरेको छ । पछिल्लो समय दैनिक एक हजार पाँच सयदेखि दुई हजार पाँच सयसम्म पर्यटक आउने गरेका छन् । सात बिघा क्षेत्रफलमा फैलिएको सो तालमा गणेश मन्दिर, त्रिसिद्धेश्वरी महादेव, कालिका मन्दिर र राधाकृष्ण मन्दिर निर्माण गरिएको छ । तालको किनारमा मन्दिरबीचमा फुलेका कमलका फूल, डुङ्गाबाट देखिने उत्तरतर्फको हरियो डाँडा अनि चराचुरुङ्गीको आवाजले पर्यटकलाई थप आकर्षण गर्ने गरेको छ । घोराही उपमहानगरपालिका-१७ कर्जाहीका सावित्रा वली गत शनिबार साथीहरूसँग वनभोज खान जखेरा ताल गए । उनले पहिलोपटक जखेरा पुगेको बताए । 'ताल घुम्दा साह्रै रमाइलो भयो, साथीहरूले कुरा गरेको सुनेको थिएँ, साँच्चिकै राम्रो ठाउँ रहेछ, घुम्दा मज्जा लाग्यो', उनले भने, 'डुङ्गा सयर गर्दा झनै रमाइलो लाग्यो ।'

बर्दिया राजापुरका मनोज आचार्य विद्यालयबाट दाङका पर्यटकीयस्थल घुम्न आए । जखेरा ताल घुम्ने मौका पनि मिल्यो । जखेरा ताल क्षेत्रको विकासका लागि संघीय सरकारबाट गत आर्थिक वर्षमा बजेट विनियोजन भएको थियो । त्यो बजेटबाट ताल क्षेत्रको डिल पक्की बनाउने काम गरिएको जखेरा शिवालय धार्मिक विकास पर्यटन संरक्षण प्रतिष्ठानका सहअध्यक्ष रविध्वज थापाले बताए । जखेरा तालको विकासका लागि नयाँ-नयाँ योजना अघि सारिएका छन् । ताल क्षेत्रमा मोटरबोटसमेत चलाइएको छ ।

ताल संरक्षण समितिका अध्यक्ष विषराम चौधरीले पछिल्लो समय जखेरा ताल अवलोकन गर्नेको घुइँचो लाग्ने गरेको बताए । 'प्राकृतिक सुन्दरता, पहाडैपहाडको बीचमा बनेको तालको दृश्यावलोकनका लागि यहाँ आन्तरिक पर्यटक बढी आउने गरेका छन्', उनले भने, 'अहिले दाङका छिमेकी जिल्ला रोल्पा, प्यूठान, रुकुम, सल्यान, बाँके, बर्दिया र कपिलवस्तुलगायतका स्थानबाट आन्तरिक पर्यटक अवलोकन गर्न आउने गरेका छन् ।' *रासस*




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ